# केयर होमहरुका कर्मचारी वा त्यहा गएका ब्यक्तिका कोरोनाभाइरस् (कोभिड-१९) खोपः अपरेसनल् निर्देशन

## संक्षेपमा जानकारी

कोरोना भाइरस (कोभिड -१९) को महामारी भरि, कोभिड-१९ को जोखिम हुनेलाई मद्दत गर्न र बचाउनका निम्ति केयर होमका कर्मचारीले असाधारण काम गरेका छन्। यस क्षेत्रमा रहेका कामदरहरुले अभूतपूर्व चुनौतीको सामना पार गर्दै आफ्नो कर्तव्य भन्दा माथि उठेर स्याहारमा जुटेका छन्।

हामी केयर होमका कर्मचारीले विगत १८ महिना देखि केयर होमहरुमा कोभिड-१९ को ठुलो जोखिममा रहेका ब्यक्तिहरुका स्याहार गरेको अविश्वसनीय कार्यको महत्व गर्छौं। हामी केयर होमहरुमा काम गर्ने कर्मचारी र वहाँहरुले स्याहार गर्ने व्यक्तिहरुको सकेसम्म सुरक्षित रहेको निश्चित गर्न चाहन्छौ। प्रत्येक योग्य व्यक्तिले प्रस्तावित खोप लिएको निश्चित गर्नु नै उत्तम उपाय रहेको हामी बिश्वास गर्छौं।

दुवै कर्मचारी र केयर होमका बासिन्दाहरुलाई खोपले भाइरसको बिरुद्द उत्तम सुरक्षा प्रदान गर्दछ। २०२१ को नोभेम्वर ११ देखि, नियम वमोजिम छुट पाएकाहरु बाहेक सबै केयर होमका कर्मचारीहरु र केयर होम भित्र प्रवेश गर्ने सबैले खोप पूर्ण रुपमा लगाएको हुनु पर्नेछ।

खोपहरु अनलाईनमा उपलब्ध रहेको नेसनल बुकिंग सर्भिस् मार्फत वा ११९ मा सम्पर्क गरेर बुक गर्न सकिन्छ। देशभर रहेका सयौं वाक-इन-सेन्टर मध्ये एउटामा अग्रिम बुक नगरिकन पनि जान सकिन्छ। तपाइको नजिकको केन्द्र पता लागाउनुहोस्।

## कार्यन्वयनका निम्ति समयतालिका




सम्झनु पर्ने मुख्य मितिहरु:

- २२ जुलाई (ग्रेस पिरियड - छुट समय सुरु)
- १६ सेपटेम्बर (केयर होमका कर्मचारीले यो मिति भित्र पहिलो डोज खोप लगायो भने रेगुलेसन् (नियम) लागु हुने समय सम्म दोस्रो खोप लगाउने समय हुन्छ)
- ११ नोभेम्वर (नियम लागु गरिने तारिख)

# निर्देशन कसरी प्रयोग गर्ने

## यस निर्देशनको उद्देश्य

केयर होममा हुने रेगुलेटिड (नियमको दायराभित्र रहेको) क्रियाकलापमा (जुन नर्सिङ्ग वा व्यक्तिगत स्याहारको प्रावधान भएको बस्ने घर हो) यस निर्देशन लागु हुन्छ। हेल्थ एण्ड सोसल केयर एक्ट, २००८ (रेगुलेटिड क्रियाकलाप) (एमेन्डमेन्ट) (कोरोनाभाइरस) रेगुलेसन २०२१') दि रेगुलेसनस्') को कार्यान्वयनमा मद्दतका निम्ति यो तयार गरिएको छ । यस नियमले केयर क्वालिटी कमिसनमा (सीक्युसी) रजिस्टर्ड केयर होमका (जसले नर्सिङ्ग वा व्यक्तिगत स्याहार दुवैका निम्ति बस्ने सुविधा उपलब्ध गराउँछन्) रजिस्टर्ड व्यक्तिहरुलाई भित्र प्रबेश गर्ने ब्यक्तिले खोप लगाएको छन/छैनन् भनेर निश्चित गर्न लगाउदछ। यसमा केहि छूटहरु पनि हुनसक्छन्।

२०२१ को २२ जुनमा यस नियम संसदमा राखिएको थियो र २०२१ को २२ जुलाईमा नियम बनाइयो।

### यस निर्देशन को प्रति लक्षित छ

यस निर्देशन सेवा प्रदानगर्नेहरु, रजिस्टर्ड व्यक्तिहरु, स्थानिय सरकार, कर्मचारी (एजेन्सी कर्मचारी समेत) नर्सिङ्ग र व्यक्तिगत स्याहारका निम्ति बासस्थान उपलब्ध गराउने सिक्युसी-रेगुलेटिड केयर होमहरुप्रति लक्षित छ।

यस निर्देशन यस्ता केयर होमभित्र पस्ने सबै किसिमका पेशेवरहरु र  व्यापारीवर्गहरुमा पनि लागु हुन्छ।

# परिचय

### खोपको परिचालन

केयर होमेहरुको निम्ति परिचालन गरेको कोभिड-१९ खोप अभूतपूर्व भएका छन्। कर्मचारीहरुलाई मद्दत र सहानुभूति देखाएका केयर होमका समर्पित म्यानेजरहरु लगाएत स्थानीय सरकारसंग साझेदारी गरेर सोसियल केयरको क्षेत्र र एनएचएसले देखाएका प्रभावशाली नेतृत्व र सहकार्यका लागि धन्यवाद दिन चाहन्छौं। इंगल्यान्डमा काम गर्ने १.२६ मिलियनभन्दा बढी सोसल केयरका कर्मचारीले पूर्णरुपमा खोप लगाइसकेका छन्। यो तिनिहरु आफैलाईति ,निहरुका नजिकका मान्छेहरु, र स्याहार गर्ने ब्यक्तिहरु बिरामी हुनबाट र कोभिड - १९ लागेर मृत्युहुनबाट बचाउनको लागि एउटा महत्वपुर्ण कदम हो।

### खोप लगाउन किन महत्वपुर्ण छ ?

गएको डेढ बर्षमा, कोभिड-१९ को कारणले बिशेष गरि स्वास्थ्यको गम्भीर समस्या भएका र केयर होममा स्याहारको आवास्यक पर्ने खालका धेरै हजारौंका अभाग्यवस् जीवन लिइसकेका छन्।

साइन्टिफ़िक एड्वाइजरी ग्रुप फर् ईमर्जेन्सिज् (एसएजीइ) सोसल केयर वोर्किंग ग्रुपले केयर होममा बस्नेलाई कोभिड-१९ को महामारीले बिशेष गरि प्रभाव पारेको जनाएका छन्। यसको कारण नजिक रहेकाहरुमा उप्पातरुपमा फैलने खतरा र कोभिडदिएक खतरा जोखिमको उच्च हुने १९ लागेपश्चात-ा छन्।

२०२१ को जनवरी देखि, २१ मिलियन् पटक केयर होमहरुले कर्मचारीलाई जाच गरेका छन् र १.२ बिलिएन् वटा पीपीइको बस्तु चलायो। यस्ता सुरक्षात्मक बिधि र कर्मचारीका अथक प्रयास भएतापनि अझै पनि सबै क्षेत्रहरुको टाउनहरुमा महामारी फैलिएको पाएका छौं र यस बर्षको सुरुवात देखि कोभिड-१९ का कारणले झन्डै १४,००० जति केयर होम बासिन्दाहरु मरिसकेका छन्।.

एउटा चिजले केयर होमका वासिन्दाहरु र कर्मचारीको जीवन बचाइ महत्वपुर्ण फरक पारेको छ: त्यो खोप हो।

खोप लगाइएका व्यक्तिहरुले कोभिड-१९ लागेर हुने गम्भिर बिरामी र मृत्युबाट बढी सुरक्षा पाएका छन्। पब्लिक हेल्थ इंगल्याण्डले (पिएचइ) खोप कार्यक्रमको कारणले संक्रमण र मृत्यु दरमा हुने प्रत्यक्ष र अप्रत्यक्ष असरको बिश्लेषण गरेका छन्। सुरु भएदेखि २०२१ को १५ जुलाईसम्मको खोप कार्यक्रमले ११ देखि १२.५ मिलियन संक्रमण रोकेका र ३५,२०० देखि ३८,००० को ज्यान बचाएका छन्।

कसैलाई भाइरस लागेपश्चात अरुलाई संक्रमण हुनबाट समेत कोभिड-१९ को खोपले बचाउदछ भनेर प्रमाणित भैसकेका छन्। फाइजर् हप्ता पश्चात भाइरस बायोटेक् वा आस्ट्राजेनिका खोप लागाएको ३- लाग्ने ब्यक्तिले आफ्ना घरका सदस्यहरुलाई खोप नलगाएको ब्यक्तिले भन्दा ३८% देखी ४९ कम % संक्रमण गराउने संभावना हुन्छन् भनेर पिएचइको अनुसन्धानले देखाएका छन्।

बेलायतले कोभिड-१९ को कानुनी प्रतिबन्धहरु औपचारिक रुपमा हटाइए पनि हाम्रा वरिपरि भाइरस रहीरहेका हुनेछन र हामीले यस् भाइरस रहेको वातवरणमा रहन सिक्नु पर्दछ। संभवत नया भेरिएण्टहरु (प्रजाति) उत्पादन गर्दै यो हाम्रो वरिपरि रहिरहने छ।

केयर होमका धेरै बासिन्दाहरुले खोप लिएता पनि कसैकसैले खोप लगाउन नमिल्ने हुन्छन् र कोहिलाई खोपको कम असर पर्छन्। त्यसकारणले कोहि बासिन्दाहरु कोभिड-१९ लाग्ने उच्च जोखिममा निरन्तर रहिरहने छन्। उमेर, बिग्रदो स्वास्थ्यको अवस्थाहरु वा अपांगताको कारणले जोखिममा हुनसक्ने केयर होमका बासिन्दाहरुलाई यस विन्टरको समयमा संभवत कोभिड-१९ र फ्लु संगै आएमा (रुघा खोकि) उनिहरुको जिवन खतराजनक हुनेछन्।

कोभिड-१९ बिरुद्दको खोप लगाउनु नै कर्मचारीले उनिहरु आफैलाई र उनिहरुले स्याहार गर्ने ब्यक्तिहरुलाई भाइरसको असरहरुबाट बचाउने उत्तम कदम हुन्। केयर होमहरु उच्च-जोखिममा निरन्तर रहिरहेका छन्। अब जनशक्ती बढ्छन् - र केयर होमहरुमा माहमारी फैलिने खतरा कम गराउनका लागि हालै अनि भविष्यमा धेरै खोप लगाएका कर्मचारीको संख्या कायम राख्न महत्वपुर्ण हुन्छ।

## कोभिड-१९ खोपहरुकाबारे कहा जानकारी पाउने

जब हामी यि नया नियमहरु लागु हुने मितिको नजिक जान्छौ, हामिले केयर होमका कर्मचारीलाई खोप लगाउन सहयोग र उत्साहित गराउन कायम गर्नु एकदम महत्वपुर्ण छ। हामीलाई थाहा छ कि बिश्वासिलो सहकर्मीहरु वा स्वास्थ्यकर्मिहरु संगका कुराकानीले धेरै नै फरक पार्दछ। यस्ता असजिलो कुराकानीहरुमा मद्दत गर्नका लागि धेरै प्रकारका जानकारी सहित प्रकाशित सामग्रीहरु उपलब्ध छन्। ति सबै १९ वटा फरक भाषाहरुमा प्रकाशित छन्:

कोभिड-१९ खोपवयस्कहरुका निम्ति निर्देशन :

कोभिड-१९ खोपः खोप लगाएपश्चात के अपेक्षा गर्ने

कोभिड-१९ र ब्लड क्लटिंग(रगत जम्ने)

कोभिड-१९: गर्भवती हुने उमेरका, हालै गर्भवती रहेका वा बच्चालाई स्तनपान गराइरहेका महिला

कोभिड-१९: सजिलैसंग पढ्न सक्ने पुस्तिका

एनएचएस इंगल्याण्ड र एनएचएस इम्म्युभमेन्ट लण्डनः कोभिड-१९ खोपको संचार सामग्रीहरु(विभिन्न भाषामा भिडियोहरु)

डिपार्टमेन्ट अफ हेल्थ एण्ड सोसल केयरले एडल्ट सोसल केयरका क्षेत्रलाई ध्यानमा राखेर टुलकिटको (सामग्री) श्रोतहरु उत्पादन गरेका छन्। यो पब्लिक हेल्थ इंगल्यान्डको क्यामपेन् रिसोर्स सेन्टरमा अनलाइनमा पाइन्छ: एडल्ट सोसल केयरका निम्ति खोप संचारको टुलकिट.

नियमित अपडेट गरेको टुलकिट र यस संलग्न रहेका:

- कोभिड-१९ खोपको बारेमा सरोकारवालाको प्रश्न र उत्तर
- प्रजनन, खोपमा रहेको पदार्थहरु, एलर्जीहरु र कति छिटो यसले प्रभाव पार्छन् भन्ने जस्ता खोप सम्बन्धि हुने साधरण चिन्ताहरुको बारेमा तयार पारेको निर्देशन र श्रोतहरु
- खोप लगाउनका लागि कसैलाई कसरी आश्वासन दिने सम्बन्धमा सुझाव
- चिकित्सक विशेषज्ञहरुले खोपहरुको बारेमा गरेका छलफलको भिडियोका क्लिपहरु
- सोसल केयरका कर्मचारीले खोप लगाउदा भोगेका आफ्नो अनुभवहरुको भिडियो क्लिपहरु र बिषयका अध्ययनहरु

कम्युनिटी च्याम्पियन कार्यक्रमद्वारा सहयोग उपलब्ध छन्। यस अन्तर्गत इंगल्यान्डमा रहेका ६० वटा काउन्सीलहरु र स्वंमसेवक समुहहरुलाई लक्षित गरि २३.७ मिलियन पाउन्डको कोष खडा गरेका छन्। खोपप्रति उनिहरुको आत्मबिश्वास बढाउन कम्युनिटी च्याम्पियनहरुले कोभिड पारेका असर धेरै १९ ले-टिमहर हेल्थ पब्लिक र एनएचएस तिनिहरुले गर्छन्। काम प्रत्यक्ष समुदायहरुसंग ुसंग मिलेर खोपसम्बन्धि रहेको कुनै प्रश्नहरुको उत्तर दिन र सुचित निर्णय बनाउनमा सहयोग गरि खोपसम्बन्धि रहेका बाधाहरु हटाउन काम गर्छन्।

खोप लिन हिच्किचाएकाहरुसंग भएका चिन्ताहरुलाई निर्मुल पार्ने र खोप लिनमा सुलभताको सुधार गर्ने कार्यहरु लगायत खोप लिनेको संख्या बढाउनका लागि तय गरेको योजनाकार्यक्रम सम्बन्धि जानकारीयस युके कोभिड-१९ भ्याक्सिनेसन अपटेक प्लानमा दिएको छ (२०२१ को १३ फेब्रुअरीमा प्रकाशित।

# नीति

## नियमको संक्षेप

नर्सिङ्ग वा व्यक्तिगत स्याहार प्रदान गर्ने सबै सिक्युसी-रजिस्टर्ड सेवा प्रदानकर्ताहरुले (केयर होमहरु) (वा रजिस्टर्ड म्यानेजरहरु) यि दिएका बाहेक अरु ब्यक्तिलाई केयर होम भित्र पस्न नदिनमा यस नियम ले निश्चित गर्दन्छ:

- रजिस्टर्ड व्यक्तिले (रेशिडेण्ट) चलाएको केयर होममा बस्छन् त्यस् व्यक्ति-'रजिस्टर्ड व्यक्ति' भन्नाले रेगुलेटिड क्रियाकलापको लागि सिक्युसीमा म्यानेजर वा सर्भिस प्रोभाइडरकोरुपमा (सेवा प्रदानगर्ने कर्मचारी) रजिस्टर भएका ब्यक्ति हुन् - यस बिषयमा रेगुलेटिड क्रियाकलाप भन्नाले नर्सिङ्ग वा व्यक्तिगत स्याहार चाहिएको व्यक्तिलाई दिएको बसोबासको प्रावधान बुझिन्छ।
- त्यस व्यक्तिले रजिस्टर्ड व्यक्तिलाई (वा रजिस्टर्ड व्यक्तिको नाममा काम गरेकालाई) सन्तोषजनक प्रमाण प्रदान गरेका छन्:
    - तिनिहरुले आधिकारिक खोप पूर्णरुपमा लगाई सकेका छन् (उनले खोप लगाई सकेको प्रमाणित गर्नसक्छन्)
    - मेडिकल कारणले गर्दा खोप लगाउनु पर्दैन् (मेडिकल कारणले छूट छन्) - थप विवरणहरु तल दिएका छन्

- त्यस व्यक्तिलाई केयर होममा आकास्मिक मद्दत चाहिदा आवस्यक छन् (थप विवरणहरु तल दिएका छन्)
- त्यस व्यक्तिको केयर होममा जरुरी मर्मत गर्न आवस्यक छन् (थप विवरण तल दिएका छन्)
- त्यस व्यक्ति आकस्मिक सेवाहरुका कर्मचारी भई कामको कर्तव्य पुरा गर्न आएका छन् (थप विवरण तल दिएका छन्)
- त्यस ब्यक्ति भेट्न आएका निवासीको साथी वा आफन्त हुन् (थप विवरण तल दिएका छन्) - यसमा अनपेड केररहरु वा तोकिएका बिशेष केयरहरु पनि पर्छन्)
- त्यस ब्यक्ति मृत्यु हुन् लागेका निवासीलाई भेट्न आएका हुन् (थप विवरण तल दिएका छन्)
- आफ्ना आफन्त वा साथीको मृत्यु पश्चात निवासीलाई परेको शोकमा सहजपन दिन आएका ब्यक्तिको आवस्यकता छ  (थप विवरण तल दिएका छन्)
- ति व्यक्तिको उमेर १८ वर्ष भन्दा कम छन् (थप विवरण तल दिएका छन्)

खोपको आवस्यकता केयर होम भित्र जानेका निम्ति मात्र लागु हुन्छ ('केयर होम' वरिपरिको मैदानी क्षेत्रहरु यसको बयानभित्र पर्दैन) कसै ब्यक्ति केयर होमको भवन भित्र प्रवेश गर्दैनन् भने उनीले खोपको स्थिति देखाउनु पर्ने छैन।

## रजिस्टर्ड व्यक्तिहरु

केयर होम भित्र प्रवेश गर्ने हरेक ब्यक्तिले खोप लगाइएका छन् वा छुट पाएका छन् भनेर निश्चित गर्न ति रजिस्टर्ड व्यक्ति जिम्मेवार हुन्छन्।

ति रजिस्टर्ड व्यक्ति सीक्युसीमा म्यानेजर वा सर्भिस प्रोभाइडरकारुपमा  रजिस्टर्ड भएका हुनेछन्।

रजिस्टर्ड व्यक्तिहरुले अरु व्यक्तिलाई नियम पालनामा सहयोगका गर्नका लागि आवस्यक परेका कर्तव्यहरु दिन सक्छन्। यस कुरा स्वीकार्य भएता पनि रजिस्टर्ड व्यक्ति कानुनीरुपमा जिम्मेवार हुन्छन।

 आवस्यकताको मतलब के हो भनेर रजिस्टर्ड व्यक्तिलाई जानकारी उपलब्ध छ ।

## बुस्टर डोज (शक्तिको मात्रा बढाउने)

बुस्टर डोज नियममा संगलग्न गरिएको छैन तर म्यानेजरहरुले कर्मचारीलाई बुस्टर खोप लगाउन योग्य भएमा उत्साहित गराउनमा सल्लाह दिन्छौं र बुस्टर डोजको प्रावधान भविष्यमा नियममा समावेश हुनसक्ने छ।

## निवासीहरु (रेसिडेन्टहरु)

यदि कोहि निवासी हुन् वा भर्नाको प्रक्रियामा रहेका निवासी हुन् भने उनी र उनका साथमा रहने साथी वा नातेदारले खोप लगाएका प्रमाण देखाउनु पर्दैनन्।

हामी केयर होममा बस्नेहरुलाई जतिसक्दो सम्भव भएसम्म छिटो खोप लगाउन उत्साहित गराउनेछौं। एनएचएसका समकक्षीहरुले केयर होममा गरेका भिजिटहरु (भिजिट) बधाउनेछौं।

प्रस्तावित निवासीहरु र उनका परिवारका सदस्यहरु केयर होममा आउदा उनीहरुले खोप वा मेडिकल छूटको प्रमाण देखाएको यस नियमले माग्दछ। खोप नलगाएका प्रस्तावित निवासीका लागि केयर होमका

म्यानेजरहरुले भिडियो लिंक मार्फत भेट गर्न सक्छन्। हामी प्रस्तावित निवासीहरुलाई यस लागु गरिएका प्रतिबन्धले गर्ने असरको अवलोकन गर्ने छौं।

## आकस्मिक सहयोग

यदि केयर होममा घटेको घटनामा आकस्मिक सहयोगका लागि वा छिमेकी भवनमा भएको कुनै घटनाका लागि (उदाहरणको लागि आगलागी भई भित्र प्रवेश गरी जानुपरेमा) भवन भित्र छिर्दै छन् भने खोप लिएको वा मेडिकल छूट देखाउन आवस्यक छैन।

यि तल दिएका निर्देशनका अनुसार त्यो अवस्था आकस्मिकमा पर्छ/पर्दैन भनेर निर्णय गर्ने जिम्मेवार रजिस्टर्ड व्यक्तिका हुन्। कुन ब्यक्तिले खोप वा मेडिकल छूटको प्रमाण नदेखाइ भित्र छिरेका छन् - त्यो विवरण सहित सबै आकस्मिक अवस्थाहरुको रेकर्ड रजिस्टर्ड ब्यक्तिहरुले राखेको अपेक्षा गर्दछौं।

आकस्मिक अवस्था भनेको यि हुनसक्छन् (तर यतिमा सिमित हुँदैन):

- बाढी वा आगलागीमा मद्दत गर्ने जनसाधारण
- जरुरी सेफगार्डिंग (सुरक्षा) प्रदान गर्नेका लागि गएका सोसिएल वोर्करहरु

## आकस्मिक सेवाहरु

आकस्मिक मद्दत प्रदान गर्न आएका बाहेक केयर होममा आफ्ना कर्तव्यहरु निर्वाह गर्न आएका आकस्मिक सेवाहरुका कर्मचारीलाई यस आवस्यकताबाट छूट हुन्छन्।

यसमा संलग्न छन्:

- आफ्ना कर्तव्यहरु पुरा गर्न केयर होममा उपस्थित भएका फाएर एन्ड रेस्क्यु सेवाहरुका कर्मचारीहरु
- आफ्ना कर्तव्यहरु पुरा गर्न केयर होममा उपस्थित भएका प्रहरी सेवाका कर्मचारीहरु
- आकस्मिक आवस्यकताका लागि खटाइएका स्वास्थ्य सेवाका कर्मचारीहरु

## साथीहरु, नातेदार र अत्यावश्यक स्याहारदाताहरु

साथीहरु, परिवार (जो अनपेड केररहरु पनि हुन सक्छन्) र अत्यावश्यक स्याहारदाताहरुले खोप लगाएको वा छुट रहेको प्रमाण देखाउन पर्ने छैन।

परिवार र साथीहरुले गर्न आउने भेटघाट केयर होममा बस्ने ब्यक्तिहरुका स्वास्थ्य र कुशलताका लागि अत्यन्त महत्वपुर्ण हुन्छ। निवासीहरुलाई आफ्ना नजिकका ब्यक्तिबाट सम्पर्क बिहिन र स्याहारबाट बन्चित गराउनु अन्यायपूर्णरुपमा हानिकारक हुन्छन्।

उपलब्ध भएका संक्रमण प्रतिरोध र नियन्त्रणका मापदण्डहरुमा रहेका सरकारी निर्देशनको पालना गर्न पर्दछ।

## जरुरी मर्मतकार्य

यदि केयर होम बाहिरमात्र काम गरिने र मर्मतकार्य गर्ने कर्मचारी भित्र आउन नपरे तिनिहरुले खोप लगाएको वा मेडिकल छूट रहेको प्रमाण देखाउन पर्दैनन्।

यदि केयर होम भित्र काम गरिने भए ति मर्मत गर्ने कर्मचारीले खोप लगाएको वा मेडिकल छूट रहेको प्रमाण देखाउन पर्नेछन्।

तर यदि जीवन वा स्याहारको निरन्तरता जोखिममा भई जरुरी मर्मतकार्यको अवस्थामा कर्मचारीले ति आवस्यकताहरुबाट छूट पाउछन्। यसमा निम्न संलग्न छन् (तर सिमित छैनन्):

- ग्यास, बिद्युत, वा खानेपानी वितरणमा खराबी देखिएमा वा बिग्रेमा
- खतरापूर्ण बिद्युतिय खराबी भएमा
- आगजनी, बाढी, हुरीबतास वा बिष्फोटनका कारणले गम्भीर नोक्सानी भएमा
- खानेपानीको पाइप फुटेमा
- छानाबाट गम्भीर चुहावट भएमा
- ग्यास लिक्
- केयर होमलाई असुरक्षित वा जोखिम बनाउने कुनै पनि खराबी वा नोक्सानी
- लिफ्ट वा सिढिमा भएको गम्भीर खराबी

कुनै अवस्थालाई जरुरी मर्मतकार्यको आवस्यकता पर्दछ/पर्दैन भनेर निर्णय गर्ने जिम्मेवारी म्यानेजरका हुन्। जरुरी परेर गरेका सबै मर्मतकार्यहरुमा कुन ब्यक्तिले खोप लगाएको वा मेडिकल छूट रहेको प्रमाण नदेखाइ छिर्यो सहित त्यसको घटनाको छोटो विवरणको लेखा राखेको म्यानेजरबाट अपेक्षा गरिनेछन्।

## मृत्यु र शोक

मृत्यु हुन लागेका (जिन्दगीको अन्तिम दिनहरु) वा आफ्ना नातेदार वा साथीको मृत्युपश्चात शोकमा परेका निवासीलाई सान्त्वना दिन आएका ब्यक्तिहरुले खोप लगाएको वा मेडिकल छूट रहेको प्रमाण देखाउन पर्दैनन्।

निवासीको धार्मिक कर्मकान्डमा आएका ब्यक्तिहरुले पनि खोप लगाएको वा मेडिकल छूट रहेको प्रमाण देखाउनु पर्छन्।

फ्युनरल डाइरेक्टरहरु र तिनिहरुका कर्मचारीले केयर होममा प्रवेश गर्दा खोप लगाएको वा मेडिकल छूट रहेको प्रमाण देखाउनु पर्नेछन्।

## १८ बर्ष भन्दा मुनिका

१८ बर्ष भन्दा मुनिकाहरुले केयर होममा प्रवेश गर्नका लागि खोप लगाएको वा मेडिकल छूट रहेको प्रमाण देखाउन पर्दैनन्। १६ बर्षभन्दा माथिका फ्रन्टलाइनमा कामगर्ने हेल्थ एन्ड केयरका कर्मचारीहरु खोपका निम्ति योग्य छन् र उनीहरुले मेडिसिन्स् एण्ड हेल्थकेयर प्रोडक्टस् रेगुलेटरी एजेन्सी (एमएचआरए) द्वारा स्वीकृत प्राप्त गरेका खोप १८ बर्ष पुग्न भन्दा अगाडी पूर्णमात्रामा लगाएको हुनुपर्दछ। सबै १७ बर्षकाहरुले १८ बर्ष पुग्न ३ महिना अघिदेखी खोप बुक् गर्न सक्छन्।

१८ बर्ष भन्दा मुनिका पेशेवरहरुले केयर होममा प्रवेश गर्दा खोपको प्रमाण नदेखाई जान सक्नेछन् तर उनीहरु १८ बर्ष भन्दा कम उमेर रहेको प्रमाण देखाउनु पर्नसक्छन्। उनीहरु १८ बर्ष पुग्नेसाथ एमएचआरए स्वीकृतप्राप्त कोभिड -१९ खोपको पूरामात्रा नलिएसम्म निवासमा प्रवेश पाउने छैनन्।

स्किलस् फर् केयरले १६ र १७ बर्षकालाई रोजगार सम्बन्धित थप निर्देशन निकालेका छन्। ('गाइडेन्स् अन् इमप्लोइगं वोर्करस् एज्ड १६ एन्ड १७।(अन्तर्गत '

## बिधार्थीहरु

१८ बर्ष भन्दा मुनिका वा परिवारको सदस्य वा मित्रको हैसियतले निवासीलाइ भेट्न जाने बाहेक अरु सम्पूर्ण बिधार्थीहरुहरुले उनीहरुको अध्ययनको सिलसिलामा निवासमा प्रवेश गर्दा खोप लगाएको वा मेडिकल छूट रहेको प्रमाण देखाउनु पर्नेछन्।

## स्वयंसेवकहरु

१८ बर्ष भन्दा मुनिका बाहेक अरु सम्पूर्ण स्वयंसेवकहरुले निवासमा प्रवेश गर्दा खोप लगाएको वा मेडिकल छूट रहेको प्रमाण देखाउनु पर्नेछन्।

## नन्-केयर सेटींगबाट (स्याहार नदिने) कर्मचारी आउदा

१८ बर्ष भन्दा मुनिका बाहेक अरु सबै पेशेवरहरुले खोप लगाएको वा मेडिकल छूट रहेको प्रमाण केयर होम छिर्ने बेलामा देखाउनु पर्नेछन्। त्यसकारण, नन्-केयर सेटिंगमा (जस्तै इमप्लोयरको हेडक्वाटर) कामगर्ने कर्मचारीले (जस्तै प्रशिक्षक) पनि केयर होममा प्रवेशका लागि खोप लगाउनु पर्छन्। कपाल बनाउने, मर्मतकार्य वा क्रियाकलापहरु गराउने जस्ता घरबाट पार्ट-टाइम् वा कहिलेकाही मात्रै काम गर्ने कर्मचारी पनि पर्छन्।

## रोजगारको अन्तर्वार्ताका लागि प्रवेश गर्दा

छूट पाएका बाहेक सबैले अन्तर्वार्ताको लागि निवासमा प्रवेश गर्दा खोप लगाएकोको प्रमाण देखाउनु पर्छन्।

यदि खोप नलिइसकेका कसैले खोप लिनका लागि इच्छा देखाउछन् भने अन्तर्वार्ता केयर होम बाहिर वा रिमोट्ली (भिडियो वा टेलिफोनद्वारा) गर्नु पर्दछ।

## नया कर्मचारी भर्ना

रजिस्टर्ड प्रोभाईडरले भर्ना गरेका नया कर्मचारीलाई यस् नियमहरु लागु हुन्छन्। यो बुझ्न महत्वपुर्ण छ कि एमएचआरएबाट स्वीकृत प्राप्त कोभिड-१९ खोप पूर्णमात्रामा लगाएका वा मेडिकल छूट पाएका नया कर्मचारीहरुमात्र केयर होममा काम गर्न योग्य हुन्छन्।

निवेदनको सुरुवातमा नै केयर होमहरुले प्रस्तावित कर्मचारीलाई आवस्यकताको बारेमा सुचित गराउनु पर्छ र निवेदक केयर होममा काम गर्न योग्य छन् भनेर निश्चित गर्नाका लागि भर्ना प्रक्रियामा उचित जाचबुझ गर्नु पर्दछ। खोप लगाएको वा मेडिकल छूट रहेको प्रमाण देखाए पश्चात मात्र भर्ना भएका नया कर्मचारीले केयर होममा काम गर्न सक्छन्।

### हुलाक, कोरियर वा अरु डेलिभरीहरु र कलेक्सनहरु गर्ने

यी आवस्यकता केयर होम भित्र प्रवेश हुनेहरुमा मात्र लागु हुन्छ। जबसम्म ति हुलाक, कोरियर वा अरु डेलिभरीहरु र कलेक्सनहरु गर्ने ब्यक्तिहरु भवन भित्र छिर्दैनन् तिनिहरुले खोप लगाएको वा मेडिकल छूट रहेको प्रमाण देखाउन आवस्यक पर्नेछैनन्।

उदाहरणको लागि, यदि त्यहाको कर्मचारिलाई प्याकेज (पोका) उठाउनमा धेरै भारी वा ठुलो भएमा हुलाकी कर्मचारी केयर होमभित्र प्रवेश गर्नुपर्ने हुन्छ। त्यो अवस्थामा उनीले खोप लगाएको वा मेडिकल छूट रहेको प्रमाण देखाउनु पर्नेछन्।

### उत्तराधिकार पाएका प्रशासन

इंगल्यान्डका सबै सिक्युसी रजिस्टर्ड केयर होममा यस नियमहरु लागु भएतापनि स्कटल्याण्ड वा वेल्समा बसोबास गर्ने ब्यक्तिहरुले इंगल्यान्डको केयर होममा काम गर्छन् भने उनीहरुले खोप लगाएको वा मेडिकल छूट रहेको प्रमाण देखाउनु पर्छन्।

## प्रमाण देखाउनेमा साधारण निर्देशन

### आवस्यक प्रमाण

छूट पाएका बाहेक अरुले केयर होममा प्रवेश गर्न कोभिड-१९ खोप पूर्णमात्रामा लगाएको प्रमाण देखाउनु पर्छन्। खोपको प्रकार अनुसार एक वा दुइ डोज खोप लिएमा पुरामात्रामा लिएको गनिन्छ। बुस्टर डोजहरु यसमा गन्दैनन्। बुस्टर डोज यस नीतिमा समावेश गर्न नियमहरुमा फेरबदल (एमेन्डमेन्ट) गर्न आवस्यक पर्दछ र यो संसदमा स्वीकृति पाउने/नपाउनेमा भर पर्दछ।

ति रजिस्टर्ड व्यक्तिले (वा ति रजिस्टर्ड व्यक्तिले तोकेका ब्यक्ति) केयर होममा प्रवेश गर्ने व्यक्तिको परिचय र उनको खोपको प्रमाणसंग सन्तुष्ट हुन आवस्यक छन्।

### कसरी खोपको प्रमाण प्रमाण देखाउने

कसरी एनएचएस कोभिड पास सेवा प्रयोग गरि रजिस्टर्ड व्यक्ति र कर्मचारीले कसैले खोप लगाएको/नलगाएको जाच गर्नमा मद्दत गर्नसकिन्छ भनेर एनएचएसएक्सले बिचार गर्दैछन्। यस अन्तरिम समयमा, रजिस्टर्ड व्यक्तिहरुले उपलब्ध रहेको एनएचएस कोभिड पास सेवा चलाइ कसैले खोप लगाएको/नलगाएको जाच गर्न सक्छन्।

### यदि कर्मचारी इंगलेन्डमा बस्छन् भने

एनएचएसले प्रदान गरेको खोप इंगलेन्डमा लगाएका ब्यक्तिहरुले यि तल दिएका ३ वटा तरिकाद्वारा खोप लगाएको/नलगाएको देखाउन सक्छन्:

- एनएचएस एप्
- एनएचएस वेबसाइट – NHS.uk
- एनएचएस कोभिड पास पत्र

ब्यक्तिको एनएचएस एपोइन्टमेन्ट कार्ड खोप स्टाटसको (अवस्था) प्रमाण देखाउन प्रयोग गर्नसक्दैनन्।

### *एनएचएस एप्*

ब्यक्तिको खोपको स्टाटस् (अवस्था) एनएचएस एपमा रहेको कोभिड पास सेवामा पाइन्छ|

ति रजिस्टर्ड व्यक्तिले (वा ति रजिस्टर्ड व्यक्तिको सट्टामा तोकिएकाले) यस खोप स्टाटसको आधारमा कसैले कोभिड-१९ खोप पुरामात्रा लगाएकोनलगाएको प्रमाणीत गर्न सक्छन्।/

केयर होमभित्र प्रवेश गर्ने ब्यक्तिका लागि गरिने खोप स्टाटस् जाचको सम्बन्धमा म्यानेजरहरुका लागि थप निर्देशन यस डकुमेन्टको रजिस्टर्ड व्यक्तिहरुको खन्डमा पाइन्छ।

एनएचएस एप् डाउनलोडको लागि उपलब्ध छ – एप कसरी डाउनलोड गर्ने र यसको बारेमा थप जानकारी उपलब्ध छ।

### *वेबमा आधरित समाधान*

एनएचएस कोभिड पासमा एनएचएसको वेबसाइटद्वारा पनि प्रवेश सकिन्छ। एनएचएस एपमा भेट्टाउने जानकारी अनलाइनको वेवपेजद्वारा प्राप्त गर्नसकिन्छ - र यो गेट युअर् एनएचएस कोभिड पासमा पाइन्छ।

### *नन्-डिजिटल समाधान: एनएचएस कोभिड पास पत्र*

कोभिड-१९ विरुद्द खोप लगाइसकेका छन् भनेर प्रमाण देखाउनका लागि कुनै ब्यक्तिले एनएचएस कोभिड पासको पत्र हुलाकद्वारा मगाउन सक्नेछन्। तिनिहरुले यसप्रकारले गर्न सक्छन्:

- अनलाइनमा गई गेट युअर् एनएचएस कोभिड पासद्वारा कोभिड पासको पत्र अनुरोध गरेर
- ११९ मा फोन गरेर (इंगल्यान्डमा खोप लगाएकालाई मात्र)

अनि उनले यो पत्र आफ्नो खोपको स्टाटस् केयर होममा देखाउन प्रयोग गर्न सकिन्छ। यो प्राप्त गर्न ५ दिन लाग्न सक्छ। आफ्नो खोप पुरामात्रा लगाएको स्टाटस् नियम लागुभएपश्चात देखाउनका लागि उनले यस जानकारीलाई ध्यानमा राखेर समयमानै मगाउनु पर्दछ।

एनएचएस नम्बर भई इंगल्यान्डमा खोप लगाएको हुनुपर्दछ तर एनएचएस कोभिड पासको लागि तिनिहरुले जिपी सर्जरीमा रजिस्टर्ड भएको वा एनएचएसको लगईन् विवरण हुनु आवस्यक छैन।

## यदि कुनै व्यक्ति स्कटल्याण्ड वा वेल्समा बस्छन् भने

स्कटल्याण्डमा खोप लिएकाले कोभिड-१९ खोपको स्टाटस् कसरी प्राप्त गर्नेबारे जानकारी nhsinformscotमा पाउनसक्छन्। वेल्समा खोप लिएकाले कोभिड-१९ खोपको स्टाटस् कसरी प्राप्त गर्नेबारे जानकारी gov.walesमा पाउनसक्छन।

### यदि कसैले बेलायत बाहिर खोप लगाएका छन् भने

केहि व्यक्तिहरुले बेलायत बाहिर खोप लगाएका छन् भनेर हामी अवगत छौं। हामी यसको बारेमा समाधान पत्ता लगाउने प्रयास गर्दै छौं र सकेसम्म थप निर्देशन छिटो दिने छौं।

### थप निर्देशन

खोपको स्टाटस् कसरी जाच गर्ने भनेर म्यानेजरहरुको लागि तयार गरेको थप निर्देशन यो डकुमेन्टको यस खन्डमा पाउन सकिन्छ ।

खोपको स्टाटस् कसरी जाच गर्ने भनेर कर्मचारीहरुको लागि तयार गरेको थप निर्देशन यो डकुमेन्टको यस खन्डमा पाउन सकिन्छ।

# मेडिकल छूटहरु सम्बन्धि सामान्य निर्देशन

मेडिकल कारणहरुले गर्दा कम संख्याका ब्यक्तिहरु खोपकालागि उपयुक्त हुदैनन्। ति ब्यक्तिहरुले यस आवस्यकताको बिरुद्दमा मेडिकलरुपमा स्वीकृती पाएका छूट लिनसक्नेछन्।

### मेडिकल छूट पाउन सक्ने समुहहरु

धेरै प्रकारक अवस्थाहरुमा मेडिकल छूट प्राप्त गर्न सकिन्छ। यसले ग्रिन बुक् अन् इम्युनाइजेसन् एजेन्स्ट् इन्फेकसिअस् डिजिसको च्यापटर ए र जोइन्ट कमिटी अफ् भ्याक्सिनेसन् एन्ड् इम्युनाइजेसनद्वारा (जेसिभिआइ) प्रदान गरिएका मेडिकल सल्लाह झल्काउनेछन्। (JCVI).

यदि मेडिकल कारणले गर्दा कर्मचारीले छूट पाउनुपर्छ भनेर बताएमा उनले स्पस्ट प्रक्रिया पालना गर्न पाउनेछन्। डोमेस्टिक् इभेन्टहरुलाई प्रदान गरिने प्रमाणपत्र, तोकिएका ब्यक्तिहरु र यात्राका लागि आवस्यक सेल्फ-आइसोलेसनबाट हुने छूटहरु संलग्न (अलाइन्) गरेर यस प्रक्रिया गरिनेछ। प्रमाणपत्रको लागि निर्देशन तयार हुदै छन् र यस निर्देशन प्रकाशित हुनेसाथ हामी यसको लिंक समाबेस गर्नेछौं।

हामी चिकित्सकहरुका निम्ति छुट्टै निर्देशन निकाल्ने छौं। अरु सार्बजनिक स्थलहरुको लागि प्रदान गरिने खोप प्रमाणपत्र संबन्धि निर्देशनसंग संलग्न गरिनेछ। यस निर्देशनले चिकित्सकहरुलाई छुटहरु प्रमाणित गराउन मदत गर्ने छ।

### एकबाट अर्कोमा सरुवा हुने जोखिम घटाउनका लागि अन्य कदमहरु

केयर होमहरुभित्र प्रबेश हुने सबैले (खोपको छूट पाएका लगाएत) संक्रमणको खतरा घटाउनको लागि पिपिइको सहि प्रयोग गर्ने लगएत संक्रमणको दर हटाउने र नियन्त्रण गर्ने कदमहरुको पालना गर्न क्रमश गर्नु महत्वपुर्ण छ। तर ब्यक्तिहरुले खोप पुरामात्रामा लगाएको हुनुपर्ने आवस्यकता यि कदमहरुले प्रतीस्थापन गर्दैन। छूट पाएकालाई बाहेक केयर होममा प्रवेश गर्ने सबै ब्यक्तिहरुलाई यो लागु हुन्छन्।

संक्रमणको जोखिम घटाउनको लागि खोपको छुट पाएकाहरुकालाई रिक्स् एसेस्मेन्ट (जोखिम जाचबुझ) लिइनु पर्दछ। तिनिहरुको कामको कर्तब्यहरु आवस्यकता अनुसार फेरबदल गर्ने पनि यसमा पर्दछ। ति खोपको छूट पाएकाहरु मेडिकलरुपमा अति नै असुरक्षित श्रेणीमा रहेको पनि हुनसक्छन् भनेर बुझ्न जरुरी छन्।

केयर होम प्रोभाइडरहरुले त्यहा काम गर्नेहरुले निरन्तररुपमा उचित पीपीइ लगाउछन् र संक्रमण रोकथामका लागि नियन्त्रण प्रक्रियाहरु पालना गर्छन् भनेर निश्चित गर्नुपर्छ।

# रजिस्टर्ड व्यक्तिका निम्ति निर्देशन

## संक्षेपमा जानकारी

२०२१ को नोभेम्बर ११ देखि रजिस्टर्ड ब्यक्तिहरुले (म्यानेजर वा सर्भिस प्रोभाइडरका रुपमा सिक्युसीमा रजिस्टर भएका ब्यक्ति) स्वीकृत प्राप्त खोप पुरामात्रा लगाएका वा यि छूट पाएका समुहहरु मध्ये एउटामा परेका ब्यक्तिहरुबाहेक अरुलाई केयर होम भित्र प्रवेश मनाही गर्नुपर्दछ। रजिस्टर्ड ब्यक्तिको निर्देशनमा अरु कर्मचारीहरुले जाच गरेतापनि, ति नियमको आवस्यकताहरु पालना गरेको सुनिश्चित गर्ने मुख्य जिम्मेवारी त्यस रजिस्टर्ड ब्यक्ति नै हुनेछन्। यो खण्डले नियम  कार्यान्वयनमा रजिस्टर्ड व्यक्तिलाई सल्लाह दिने उद्देस्य राख्दछ। नियम को कार्यान्वयन सम्बन्धी निर्णय गर्दा ति रजिस्टर्ड ब्यक्तिले कोड् अफ् प्राक्टिस् अन् दि प्रिभेन्सन् एन्ड् कन्ट्रोल अफ् इन्फेक्सन् अनुसार गर्नु पर्दछ। हालसालै हामीले अपडेट गर्दै छौं र सकेसम्म छिटो प्रकाशित गर्नेछौं।

## खोप वा छूटको स्टाटस् जाच गर्ने

रजिस्टर्ड ब्यक्तिहरुले (वा रजिस्टर्ड ब्यक्तिले निर्देशन दिएको ब्यक्ति) छूट पाएकालाई बाहेक केयर होमभित्र प्रवेश गर्ने हरेक ब्यक्तिहरुलाई तिनिहरुले खोप पुरामात्रा लगाएका छन्/छैनन् भनेर जाच गर्नु पर्दछ। उदारणका लागि केयर होमका कर्मचारी, स्वास्थ्यकर्मीहरु, सिक्युसी इन्सपेक्टर्हरु, ट्रेडपर्सनहरु, हेयरड्रेसरहरु र ब्युटिसियनहरुलाई जाच गर्ने यसमा पर्दछ।

केयर होमभित्रको क्षेत्रहरुमा जाने व्यक्तिहरुलाई मात्र यो आवस्यकताको लागु हुन्छन् र खोप जाचको लागि उपयुत्त प्रक्रियाहरुको प्रचलनको जिम्मेवारी रजिस्टर्ड व्यक्तिमा (वा रजिस्टर्ड व्यक्तिको सट्टामा तोकिएका ब्यक्ति) नै हुन्छन्।

उचित कारणका साथ सिक्युसी इन्सपेक्टर् वा अन्य कुनै ब्यक्तिलाई भित्र प्रवेश गर्न नदिनु (छूट नपाएकाहरुलाई बाहेक) नै यस नियमालीको पालना गरेको ठानिने छ।

केयर होमहरुको एकभन्दा बढी भवनहरु भएमा ति प्रत्येक भवनको प्रवेशद्वारमा चेक पोइण्ट राख्न सक्ने छन्। बैकल्पिक रुपमा, रजिस्टर्ड व्यक्तिहरुले एउटा चेक पोइण्ट मात्र बनाएर भित्र जाने सबै ब्यक्तिहरुले खोप पुरामात्रामा लगाएका छन्/छैनन् भनेर प्रमाणित गर्न सक्नेछन्।

खोप स्टाटसको प्रमाणकोरुपमा कुन प्रकारका प्रमाण स्वीकार्य हुन्छन् भनेर यस डकुमेन्टको प्रमाणको प्रदर्शन खन्डमा रहेको निर्देशनले जनाउदछ। ब्यक्तिको एनएचएस कार्ड स्विकार्य प्रमाणको रुपमा लिनुहुदैन। केही व्यक्तिहरुले बेलायत बाहिर खोप लगाएका छन् भनेर हामी सचेत छौं। हामी यसको बारेमा समाधान पत्ता लगाउने काम गर्दै छौं र यस सम्बन्धि सकेसम्म थप निर्देशन छिटो दिने छौं।

## खोप वा छुटको स्टाटसको रेकर्ड राख्ने

रजिस्टर्ड व्यक्तिले यिनिहरुका रेकर्ड राख्नु पर्दछः

- कर्मचारीहरुको खोप वा छुटको स्टाटस् र त्यो जाच गरेको अन्तिम मिति।

- केयर होममा प्रवेश गरेका ब्यक्तिहरुको खोप वा छूटको स्टाटस् (छूट पाएका बाहेक) र स्टाटस जाच गरेको अन्तिम मिति।

रजिस्टर्ड व्यक्तिहरुले छूट पाएका ब्यक्तिको मेडिकल कारण रेकर्ड गर्न आवस्यक छैन - केवल मेडिकरुपमा छूट छन्/छैनन् लेख्नुपर्दछ।

ब्यक्तिले पहिलो पटक केयर होममा प्रवेश गर्दामात्र आफ्नो खोपको स्टाटस् देखाउनु पर्दछ र रजिस्टर्ड ब्यक्तिले त्यस स्टाटस् केयर होमको स्थानिय प्रणालीमा (उदाहरणका लागि आइटी सिस्टम् , पेपर फाइल र त्यस्तै अरु) हाल्नु पर्दछ। त्यसपछी पहिलानै खोपको स्टाटस् देखाइसकेका ब्यक्तिहरुको जाच रेकर्डद्वारा गर्नु पर्दछ। यसले त्यस ब्यक्तिले प्रमाण देखाएको समय र मिति देखाउनेछ। प्रत्येक व्याक्तिको पुन: चेक गर्नु पर्ने बाधालाई कम गर्न केयर होमले ति रेकर्डहरु खोप प्रमाणका लागि चलाउन सक्नेछन्। केयर होमको म्यानेजरले चाहिएमा धेरै जाच गर्न सक्छन्  तर त्यसको आवस्यकता भने छैन। रेकर्डहरु अप टु डेट् छन भनेर निश्चित गर्नका लागि नियमित रुपमा जाच गरीरहनु पर्छ।

रजिस्टर्ड व्यक्तिले थर्ड पार्टी मेडिकल एक्जेम्सनहरु (तेस्रो पार्टी मेडिकल छूट) जाच गरेको छन् भनेर सीक्युसीलाई प्रमाण देखाउनको लागि पनि रेकर्ड दिन सक्नेछन्।

केयर होमले  खोप वा मेडिकल छूटको जानकारी राख्न सकिन्छ भनेर यस नियमले प्रस्ट रुपमा बताएका छन् तर यो डेटा प्रोटेक्सन् लेजिस्लेसनले (तथ्यांकको सुरक्षा सम्बन्धित कानुन) भनेबमोजित गर्नु पर्दछ। (थपका लागि तर हेर्नुहोस)

*उदाहरण*

साना क्षमता भएका केयर होम प्रोभाइडरले आफ्नो टेक्नोलोजी सिमित भए ब्यक्तिगतरुपमा ति केयर होममा आएका पेशेवरहरुको (केयर होमको रोजगारमा नरहेकाहरु) खोप वा छूटको स्टाटस् आगन्तुक पुस्तिकामा हातले लेखेर नै रेकर्ड गर्न सकिन्छ। यो सरल हुन सक्नेछ जस्तै लगबूकमा एउटा महल थपेर खोपको स्टाटस् जाच गरेको प्रमाणित गराउन हस्ताक्षर गर्न लगाउने।

## लिखित रेकर्डहरु राख्ने र जनरल् डेटा  प्रोटेक्सन् रेगुलेसनको (जिडिपीआर) पालना गर्ने

केयर होमहरुले नियम हरु पालना गरेको देखाउन रेकर्ड राख्नुपर्दछ।

केयर होमहरुले खोप वा मेडिकल छूटका जानकारी डेटा प्रोटेक्सन् लेजिस्लेसन् अनुसार राखेको छ भनेर निश्चित गर्नुपर्दछ। आफ्नो अधिनमा रहेका डेटाहरुको संरक्षणका लागि केयर होमहरुसंग पहिलादेखि नै पालना गर्दैआएका डेटा प्रोटेक्सन् कर्तब्यहरु हुनुपर्दछ, जस्तै उदाहरणका लागि गोपनीयता सुचना सम्बन्धि। पालना गर्दै आइरहेका सबै डेटा प्रोटेक्सन र गोपनीयता सम्बन्धी कागजातहरु र जाचहरु पुनर्विचार गरि अपडेट गर्नुपर्दछ। यो नियमहरुको पालनामा निश्चित गर्नका लागि हुन्।

युके जिडिपीआरको आर्टिकल् ६ र युके जिडिपीआरको आर्टिकल् ९ अन्तर्गत रहि चलाउदै आइरहेका डेटा संरक्षण र गोपनीयता कागजात र जाचहरु नया थप भएका कानुनी प्रक्रियाहरु राखी पूनर्विचार गरि अपडेट गर्नुपर्दछ।

खोप वा मेडिकल छूटहरुको डेटा स्वास्थ्यसंबन्धिका डेटा हुन्। त्यसैले डेटा प्रोटेक्सन् एक्ट २०१८ र दि युके जिडिपीआर लगाएतका डेटा संरक्षण कानुनकालागि बिशेष श्रेणीको डेटा गनिन्छ।

### *तथ्यांक संरक्षणका सिद्धान्तहरु*

केयर होमहरुले सधै उचित तथ्यांक संरक्षण नियमको (युके जिडिपीआरको आर्टिकल् ५ र दि डेटा प्रोटेक्सन् एक्ट २०१८ पालना गरेको हुनुपर्छ। प्रचलित आवस्यकताहरु अनुसार केयर होमसंग नीति ( डकुमेन्ट जसले डेटा संरक्षण सिद्धान्तहरुको पालना गर्ने प्रक्रियाहरुको संक्षेपजानकारी दिन्छन् र ब्यक्तिगत डेटा राख्ने र हटाउनेको बारेको नीतिहरुको संक्षेपजानकारी हुन महत्वपुर्ण हुन्छ।

केयर होमले विचार गर्नुपर्ने आवस्यक कुराहरु:

- डेटा कसले हेर्न सक्छन्
- उनीहरुले कति डेटा लिन्छन्
- कति लामो समय सम्म डेटा राखछन्
- डेटाकाई कसरी भण्डार गर्छन्
- कुनै गोपनीयता सम्बन्धी जानकारी अपडेट गर्नु पर्छ/पर्दैन
- कुनै डेटा संरक्षण इम्प्याक्ट एसेस्मेन्ट अपडेट गर्न आवस्यकता पर्छ/पर्दैन
- कुनै उचित नीतिको डकुमेन्टहरु अपडेट गर्न आव्स्यकता पर्छ/पर्दैन

### भेटमा आउने पेशेवरहरुकोलागि बिशेष बिचारहरु

एनएचएस इंगल्याण्ड र इम्प्रुभमेन्टले स्वास्थ्वकर्मीहरु नियमको कार्यन्वनमा सुचित होस् भनेर उनीहरुका लागि बिशेष निर्देशन प्रकाशित गर्ने छन्।

केयर होममा कन्ट्र्याक्टको (करार) आधारमा सेवा दिने पेशेवरहरुलाई उनीहरु भित्र प्रवेश गर्न भन्दा अगाडी खोप लगाएका छन् वा छूट पाएका छन् भनेर निश्चित हुनका लागि ति आवस्यकताहरु कन्ट्र्याक्टमा राख्ने सबैभन्दा उत्तम उपाय हुनसक्छ भनेर रजिस्टर्ड ब्यक्तिले निर्णय गर्न सक्छन्। कन्ट्र्याक्टमा बाधिनुभन्दा अघि स्वतन्त्र कानुनी सल्लाह खोजिनु पर्दछ। तर रजिस्टर्ड व्यक्तिहरुले नियम अन्तर्गत रहेका आवस्यकताहरु पालना गर्नका लागि अन्य तरिकाहरु अपनाउन सक्छन्।

यस नियमले जरुरी मर्मतकर्यको आवस्यकता केयर होममा परेमा वा आकस्मिक मद्दतको चाहिएका ति ब्यक्तिहरुलाई छूट दिन्छन् (जरुरी मर्मतकार्य मद्दतको खण्ड हेर्नुहोस्)

कहिलेकाहीमात्र केयर होममा जाने कोही ब्यक्तिहरु खोप लगाएको वा मेडिकल छूट भएको हुनुपर्ने आवस्यकताको बारेमा परिचित नहोलान् र तिनिहरुले खोपको वा मेडिकल छूटको लागि प्रमाण समयमै लिनु पर्नसक्नेछ। त्यसैले एपोन्टमेन्ट बुक गर्दा वा भिजिटको बन्दोबस्त गर्दा उनीहरुलाई नियमालिकोबारे छलफल गर्दा सहयोग हुनेछ। सर्भिस् प्रोभाइडरले त्यसपश्चात खोप लगाएका वा मेडिकल छूट पाएका कर्मचारीलाई पठाउन सक्छन् अथवा कोहि ठेकेदारले (सोल् ड्रेडर) खोप लगाएका वा मेडिकल छूट पाएका प्रमाण लिनसक्छन्। भिजिटमा आउने पेशेवरहरुका निम्ति थप निर्देशिकका लागि गाइडेन्स फर् भिसिटिंग प्रोफेसनलस्मा हेर्नुहोस्.

यदि सर्भिस प्रोभाइडरले खोप लगाएका वा मेडिकल छूट पाएका कर्मचारीद्वारा सेवा प्रदान गर्न असक्षम भएमा र दिनखोजेको सेवा केयर होमको बाहिर प्रदान गर्न नसकेमा वैकल्पिक उपायको व्यवस्था गर्न आवस्यक हुनसक्नेछ।

## केयर क्वालिटी कमिसनको भूमिका

यस् आवस्यकता फन्डामेन्टल् स्ट्यान्डर्डसको भागमा पर्दछ र केयर क्वालिटी कमिसनले (सिक्युसी) आवस्यकपरेको खन्डमा अवलोकन र लागु गर्नेछ। सिक्युसीले आफ्ना तरिका उल्लेख गर्दै तिनिहरुका वेबसाइटमा बयान प्रकाशित गरेका छन्:

- दर्ता
- जारी अवलोकन
- इन्फोर्समेन्ट (कानुन लागु)

बिज्ञप्तीको सारांस तल दिएका छन्

### दर्ता

सिक्युसीमा ति पहिलोपटक रजिस्टर गरेकाहरु - वा रजिस्ट्रेसन एमेन्डमेन्ट गरिएकाहरु - संग मजबूत प्रशासन विधि रहेका छन् भनेर सिक्युसीले आश्वासन खोज्नेछन्:

- कर्मचारीको खोप र कोभिड -१९ को स्टाटस् अवलोकन गर्ने
- कर्मचारीहरुले खोपको अप-टु-डेट् स्टाटस् राखेका छन् भनेर निश्चित गर्नु (कर्मचारीलाई खोप लगाउनका लागि निर्देशन र सहयोग दिएर) र कर्मचारीहरुले अप-टु-डेट् उत्तम इन्फेक्सन् प्रिभेन्सन् एन्ड कन्ट्रोल् (आईलिसी) अभ्यास लिएका छन् भनेर निश्चित गर्नु
- केयर होममा प्रबेश गर्ने ब्यक्तिहरुका खोप र कोभिड -१९ स्टाटसको अवलोकन गर्नु
- लागु भएसम्म सेवाग्राहीहरुले सुरक्षित स्याहार र उपचार पाउनका लागि उचित बन्दोबस्त गर्न निश्चित गर्नु

नया म्यानेजरको निवेदनका निम्ति सीक्युसीले यि आश्वासन खोज्छन्:

- निवेदकहरुले खोप पुरामात्रा लगाएका छन् वा छुट पाएका छन्
- कोभिड-१९ को नया नियमको सम्बन्धमा निवेदकहरु आफ्ना कर्तव्यहरुप्रति सचेत छन्

### *जारीरहेको अवलोकन*

आवस्यकताको अवलोकन गर्ने जिम्मेवारी सीक्युसीको हो।

नियम लागु भएपछी सीक्युसीले निम्न प्रश्नहरु प्रोभाइडर् इन्फर्मेसन् रिटर्नमा (पिआईआर) थप गर्ने प्रस्ताब राख्छन्:

"सेवा प्रदान गर्न खटाएका कार्यकर्ताहरुले अनिवार्य रहेको खोप लगाएका छन् भनेर तपाई कसरी ढुक्क भएका छन्?"

सीक्युसीले कर्तव्य सुरु भएपछी अवलोकनका निम्ति यस्तै प्रकारका प्रश्न ल्याउनेछन्। निकट भविष्यमामा थप जानकारी दिइनेछ।

### *निरीक्षण*

सिक्युसीले प्रणालीहरु र प्रक्रियाहरु संचालन गरी आवस्यकता वमोजिम पालना गरेका छन्/छैनन् भनेर निरीक्षणको बेलामा प्रमाण खोज्नेछन्।

केयर होमभित्र प्रवेश गर्ने ब्यक्तिहरुले खोप पुरामात्रामा लगाएका वा छूट पाएका छन् भन्ने पत्ता लगाउनका लागि जाच गर्ने प्रणालीहरु र प्रक्रियाहरु संचालन छन् भनेर आश्वासन दिनु पर्दछ तर रजिस्टर्ड ब्यक्तिहरु स्वमले प्रमाणको रेकर्ड भने देखाउनु पर्दैन। तिनिहरुका कर्मचारीहरुको आन्तरिक रेकर्ड प्रणालीमा जाच गरेका प्रमाणको रेकर्ड राख्ने निर्णय रजिस्टर्ड ब्यक्तिहरुले लिनसक्छन्। यदि प्रमाण लिएर रेकर्ड राखेका छन् भने युके जिडिपीआर अनुसार बन्दोबस्त गरेर राख्नुपर्दछ। डेटा लिनेबेलामा ति ब्यक्तिहरुलाई गोपनीयताको जानकारी प्रदान गर्नुपर्ने पनि यसमा पर्दछ। ब्यक्तिगर डेटाहरु संरक्षण गर्नका लागि उचित कानूनी आधार, प्राविधिक र सुरक्षाका कदमहरु राखेका छन् भनेर निश्चित गर्नका लागि कृपया इन्फर्मेसन् कमिसनरस् अफिसको निर्देशन हुनुहोस्।

### *इन्फोर्समेन्ट् (कानून प्रचलन गर्नु)*

संसोधन गरिएका नियमको पालना नगरेर त्यसको बिरुद्द चाल्नुपरेका कुनै इन्फोर्समेन्ट् क्रियाकलापहरु सिक्युसीको प्रचलित इन्फोर्समेन्ट् नीतिहरुको कानूनी दायराभित्र भई स्याहार र ब्यक्तिहरुको सुरक्षामा सिक्युसीले एसेस्मेन्टमा पत्ता लगाएको असरको समानुपातिक आधारमा हुनेछन्। प्रायजसो गरिने इन्फोर्समेन्टको कार्य र समानुपातिक आधारमा भई सिक्युसीले त्यसका बिरुद्द के कदम चाल्ने भनेर निर्णय गर्छन्।

सिक्युसीको इन्फोर्समेन्ट् नीतिको सम्बन्धमा थप जानकारी यहा उपलब्ध छ।.

### *म्यानेजरहरु र रजिस्टर्ड ब्यक्तिहरुलाई सहयोग*

यस खन्डले नियम पालना गर्नमा रजिस्टर्ड ब्यक्तिहरुका लागि अहिले उपलब्ध रहेका श्रोतहरुको संक्षेप जानकारी दिन्छन्।

### *कर्मचारीलाई खोपका लागि प्रोत्साहन गरिने संचारमा सहयोग गर्ने श्रोतहरु*

खोप लगाउदा प्राप्त गर्नसक्ने आर्थिक सहयोग सहित खोपको क्षमता र यसले प्रदान गर्ने सुरक्षाको बारेमा छलफल गर्न धैरै प्रकारका श्रोतहरु रजिस्टर्ड ब्यक्तिहरु र कर्मचारीहरुका लागि उपलव्ध छन्। ति श्रोतहरुमा जानका लागि थप जानकारी र लिंकहरु यस इन्ट्रोडक्सनमा पाउनसकिन्छ।

### *स्किलस् फर् केयर प्लाटफर्म्*

स्किलस् फर् केयरले समर्पित वान् स्टप् वेवपेज निकालेको छ। यसले सोसियल् केयरका इम्प्लोएरहरुलाई यस्तो चुनौतीपूर्ण समयमा नया कर्मचारीहरु क्रमश भर्ना गर्न र ति पुरानालाई कायमनै राख्नका लागि धैरै प्रकारका सहयोग, जानकारी र श्रोतहरु ल्याएका छन्।

यस् श्रोतहरु समावेस छन्:

- जनशक्तीको योजना र कमिसनिंग
- जनशक्तीको पर्फोमेन्स् म्यानेजमेन्ट्

- सुपर्भिजन् गाइड्
- वेलबिइंग (कल्याण) श्रोतहरु
- भ्यालु बेस्ड् रेक्रुटमेन्ट् एन्ड रिटेन्सन् श्रोतहरु
- वोर्कफोर्स् प्रोड्क्टिभिटी मोडल्

*गुड् इम्प्लोईन्टमेन्ट् प्राक्टिस्*

हामीले गुड् इम्प्लोईन्टमेन्ट् प्राक्टिस् (असल रोजगारको अभ्यास) सम्बन्धित निर्देशन एनेक्स् ए मा समावेस गरेका छौं।.

# कर्मचारीलाई निर्देशन

## तपाईको लागि नीतिको मतलब के हो

२०२१ को नोभेम्वर ११ देखि केयर होममा प्रवेश गर्ने सबैले स्वीकृत प्राप्त खोप पुरामात्रामा लिएको हुनुपर्दछ भनेर नियम बन्नेछ। केयर होमको कर्मचारीहरुका लागि यसको मतलब के हो भने तपाईले खोप लगाएका छन् भने मात्र केयर होम भित्र कामको लागि क्रमश प्रवेश गर्न पाउनेछन्। तर यस् मध्ये एकमा तपाई पर्छ भने यो आवस्यक छैन:

- १८ बर्षभन्दा मुनि
- मेडिकलरुपमा छूट

अरु समुहहरुका ब्यक्तिहरुपनि छन् जसले केयर होमभित्र प्रवेश गर्दा खोप लगाइसकेका छन् भनेर प्रमाण देखाउनु पर्दैनन्।

## मुख्य मितिहरु




यि मुख्य मितिहरुलाई ध्यान दिनुहोस्:

- २२ जुलाई (ग्रेस् पिरियड् सुरु हुन्छ)
- १६ सेपटेम्बर (केयर होमका कर्मचारीले यो मिति भित्र पहिलो डोज खोप लगायो भने नियम लागु हुने समय सम्म दोस्रो खोप लगाउने समय हुन्छ)
- ११ नोभेम्बर (नियम लागु हुन्छ)

## तपाईको खोपको स्टाटस् कसरी देखाउने

एनएचएसएक्सले कसरी एनएचएस कोभिड पास् सेवा चलाएर रजिस्टर्ड ब्यक्तिहरु र कर्मचारीहरुलाई खोपको स्टाटस् जाच गर्न र देखाउन सहयोग गर्न सकिन्छ भनेर बिचार गर्दैछन्।

यस अन्तरिम समयमा, एनएचएस् इंगल्यान्डद्वारा खोप लगाएका ब्यक्तिहरुले एनएचएस कोभिड पास सेवा यि दिएका तिन तरिकाहरुबाट चलाइ खोप लगाएको प्रमाण देखाउन सक्छन्:

- एनएचएस एप्
- एनएचएस वेबसाइट – NHS.uk
- एनएचएस कोभिड पास पत्र

ब्यक्तिको एनएचएस एपोइन्टमेन्ट कार्ड खोप स्टाटस प्रमाण देखाउन प्रयोग गर्न सक्दैनन्।

यदि तपाईले स्कटल्याण्डमा खोप लिएका छन् भने तपाईले कोभिड-१९ खोपको स्टाटस् कसरी प्राप्त गर्नेबारे nhsinform.scotमा जानकारी पाउनसक्छन्। यदि तपाई वेल्समा खोप लिएका छन् भने कोभिड-१९ खोपको स्टाटस् कसरी प्राप्त गर्नेबारे gov.walesमा जानकारी पाउनसक्छन।

केहि व्यक्तिहरुले बेलायत बाहिर खोप लगाएका छन् भनेर हामी अवगत छौं। हामी यसको बारेमा समाधान पत्ता लगाउने काम गर्दै छौं र यस सम्बन्धि स्वीकार्य प्रमाणको बारेमा सकेसम्म थप निर्देशन छिटो दिने छौं।

## ब्यक्तिहरुले खोप लगाएका वा छूट पाएका छन् भनेर जाच गर्ने जिम्मेवारी

केयर होमभित्र प्रवेश गर्ने हरेक ब्यक्तिहरुले खोप लगाएका वा छूट पाएका छन् भनेर सुनिश्चित गर्ने मुख्य जिम्मेवारी ब्यक्ति रजिस्टर्ड ब्यक्तिहरु (म्यानेजर वा सर्भिस् प्रोभाइडरका रुपमा सिक्युसीमा रजिस्टर्ड भएका ब्यक्ति) नै हुनेछन्। ति जाचहरु गर्न अरु कर्मचारीहरुलाई अधिकार सुम्पिदा तिनिहरुले पेशेवररुपमा आफ्नो निर्णय गरुन् भनेर सुझाव दिन्छौं।

यदि तपाईले छूट पाएका छन् भने त्यस रजिस्टर्ड ब्यक्तिलाई तपाईको छूटको कारण थाहा हुदैनन् - तपाईले छूट पाएका छन् भनेर मात्र थाहा हुन्छन्।

## छूटहरु

मेडिकल कारणहरुले गर्दा खोप तपाईको लागि उपयुक्त नहुनु सक्छ। यस्तो अवस्थामा यस आवस्यकताको लागि तपाईले मेडिकलरुपमा स्वीकृत प्राप्त छूटको निवेदन दिन सक्नेछन्।

यदि मेडिकल कारणले गर्दा तपाईले छूट पाउनुपर्छ भनेर सोचेमा तपाईका लागि स्पस्ट प्रक्रिया हुनेछन्। डोमेस्टिक् इभेन्टहरुलाई प्रदान गरिने प्रमाणपत्र, तोकिएका ब्यक्तिहरु र यात्राका लागि आवस्यक सेल्फ-आइसोलेसनबाट हुने छूटहरुको संलग्तामा यसको प्रक्रिया गरिनेछ। प्रमाणपत्रको लागि निर्देशन तयार हुदै छन् र यस निर्देशन प्रकाशित हुनेसाथ हामी यसको लिंक समाबेस गर्नेछौं।

ति खोपको छूट पाएकाहरुलाई म्यानेजरहरुले रिस्क् एसेस्मेन्ट् (खतराको लेखाजोखा) गर्नु पर्दछ। यसको मतलब खोप नलगाएका (तर छूट पाएका) कर्मचारीहरु केयर होमभित्र पसेबापत कोभिड-१९ फैलनसक्ने संभाविक खतराको मुल्याङ्कन गर्नु हो। यस जोखिम हटाउनका लागि तिनिहरुले मापदण्डहरु बनाउन सक्छन्। जस्तै छूट पाएका कर्मचारीहरुलाई थप वा फरक पिपिइ लगाउन लगाउने वा तिनिहरुको कामको कर्तव्यहरु बदल्ने।

## रिडिप्ल्योइमेन्ट् (अर्को कार्यकर्तव्यका लागि खटाउनु)

यदि तपाईले खोप लगाएका वा छूटका प्रमाण प्रदान गर्न सक्दैनन् भने तपाईको म्यानेजरले सबै उपायहरु हेर्नु पर्दछ। खोपको आवश्यकता नपर्ने वैकल्पिक कार्यक्षेत्रमा खटाउने पनि यसमा पर्छन्। तपाईको उपायहरुको बारेमा सक्दो छिटो तपाईको म्यानेजरसंग कुरा गर्नुपर्दछ। तपाईलाई वैकल्पिक कार्यक्षेत्रमा खटाउन संभव हुनेछ भनेर तपाईले सोच राख्नु हुन्न।

## बर्खास्ती (कामबाट निकाला

यदि तपाईले खोप लगाएको वा छूट पाएको प्रमाण देखाउन सक्दैनन् भने तपाईको म्यानेजरले तपाईका लागि सबै उपायहरु हेर्नुपर्दछ। तर यदि तपाईले खोप लगाएको वा छूट पाएको छैन भने नियमले तपाईलाई बर्खास्त गर्नका लागि कानूनी कारण दिने छन् भनेर तपाईले बुझ्नु पर्दछ।

## केयर होममा कर्मचारीहरुको जनशक्तीको बारेमा चिन्ताहरु

केयर होमहरुसंग सुरक्षित तरिकाले सेवा प्रदानमा असर पर्नसक्ने अवस्थाहरुको बारेमा कन्टिन्जेन्सी योजना (भविस्यमा हुनसक्ने समस्याहरुको लागि तयार गरेको योजनाहरु) पहिले देखिनै राखेको हुनुपर्छ। प्रायजस्तो कर्मचारीहरुको मात्रा कमी भएको यसमा पर्नेछ।

हामीले ब्यांक वा एजेन्सी कर्मचारीहरु चलाएर छोटो समयअवधीका लागि तिनिहरु आफैले कर्मचारीहरुको कमी पुरा गरोस् भन्ने अपेक्षा रजिस्टर्ड ब्यक्तिबाट गर्दछौं। यदि यस उपाय उपलब्ध नभएमा तिनिहरुले स्थानिय सरकारलाई खबर गर्नु पर्दछ जसले रजिस्टर्ड प्रोभाइडरलाई सहयोगका श्रोतहरु दिन वा साइनपोस्ट गर्न सक्नेछ। स्थानिय सरकारका लागि उपलब्ध रहेको निर्देशन गाइडेन्स् फर् लोकल औथोरिटीमा पाइन्छ।

यदि रजिस्टर्ड प्रोभाइडरसंग कम जनशक्तिको कारणले सुरक्षितसंग सेवा प्रदान गर्ने क्षमतामा असर पार्दछ भनेर चिन्ताहरु भएमा तिनिहरुले केयर क्वालिटी कमिसन् (रजिस्ट्रेसन्) रेगुलेसनस् २००९ को रेगुलेसन् १८ अन्तर्गत सिक्युसीलाई खबर गर्नुपर्दछः कुनै अवस्था जसले रेगुलेटिड (जि) (२) वा रेगुलेटिड ,क्रियाकलापहरु सुरक्षित तरिकाले सुचारु गर्नमा सर्भिस प्रोभाइडरको क्षमता क्रियाकलापहरु सुचारु गर्नेउदेश्यको लागि अपर्याप्त मात्रामा उचितरुपमा क्वालिफाइड, सिपालु र अनुभवी ब्यक्तिहरु काममा हुने लगाएत रजिस्ट्रेसनका आवस्यकताहरु अनुसार सर्भिस् प्रोभाइडरलाई रोक्छन्, वा संभवत रोक्ने खतरा देखिन्छन्।

सिक्युसीले स्ट्याटुअटरी नोटिफिकेसनहरुका लागि (खबर गर्ने कानूनी आवस्यकता) थप जानकारी दिएका छन्।

एसिएएसले तपाईको इमप्लोएरसंग कुरा उठाउने सम्बधित निर्देशनहरु तयार गरेका छन्।

## तपाईको इमप्लोयरसंग अरु मापदन्डहरु (खोप बाहेक) भएको हुनुपर्छ।

केयर होमभित्र प्रवेश गर्नेहरुले संक्रमण फैलेने खतरा घटाउननका लागि संक्रमण नियन्त्रणका मापदन्डहरु पालना गर्नुपर्छ।

पिपिइ चलाएर कसरी सुरक्षितसंग काम गर्नेबारे निर्देशन यहा पाइन्छ।

कसरी किटहरु (सामान) प्राप्त गर्ने र कसरी पिसिआर र रेपिड लाटिरल् फ्लो टेस्ट् किट् चलाउनेबारे निर्देशन यहा पाइन्छ।

यदि तपाई सेल्फ्-आइसोलेसनमा बसेमा कसरी स्टाच्युटरी (कानूनले दिएको) सिक्-पे माग गर्नेबारे निर्देशन यहा पाइन्छ।

## के सहयोग उपलब्ध छ।

तपाईसंग खोप लगाउने सम्बन्धी केहि चिन्ताहरु वा जिज्ञासाहरु छन् भने हामी तपाईको रजिस्टर्ड म्यानेजर वा तपाईको डाक्टरसंग कुरा गर्नुस भनेर हौसला दिन्छौ। सरकारले १९ वटा भाषाहरुमा धैरै प्रकारका जानकारीका श्रोतहरु तयार पारेका छन्। ति श्रोतहरुको लिंकहरु यस परिचयमा पाइन्छ।

### कसरी खोप लिने

[कोभिड-१९ खोप बारेमा निर्देशनः एपोन्टमेन्ट बुक गर्ने]यहा उपलब्ध छ।

*सिनारिओ (अवस्था) १: यदि तपाईको उमेर १८ भन्द कम छन्*

यदि तपाईको उमेर १८ भन्दा कम भएमा तपाईले खोप वा छूटको प्रमाण देखाउनु पर्दैन। तर १८ बर्ष पुगेपश्चात यदि तपाईले खोप लगाएका छैनन् भने तपाईले केयर होममा काम सुचारु गर्न सक्दैनन्। तपाईले एमएचआरको स्वीकृत प्राप्त खोप १८ बर्ष पुग्नअघि लगाउन योजना बनाउनु पर्दछ - त्यसको मतलब तपाईले पहिलो डोज कम्तिमा १८ औ जन्मदिन पुग्नभन्दा ८ हप्ता अगाडी बुक गर्नुपर्दछ। यदि तपाई १६ बर्षको भई अहिले फ्रन्टलाईनमा स्वास्थ्य र स्याहार गर्ने कर्मचारीकोरुपमा काम गर्दै भएमा खोपको लागि योग्य हुनेछन्। यदि तपाई अहिले स्वास्थ्य र स्याहार गर्ने कर्मचारीकोरुपमा काम गर्दै भएमा १८ औ जन्मदिन पुग्नभन्दा ३ महिना अगाडी खोप प्रस्ताव गरिनेछ।

*सिनारिओ २: तपाई स्कटल्यान्ड वा वेल्समा बस्छन् तर इंगलेन्डमा काम गर्छन्*

यस कानून इंगलेन्डमा रहेका सबै केयर होमलाई लागु हुने भएकोले तपाईले खोप लगाउनु पर्दछ। स्कटल्याण्डमा खोप लिएका ब्यक्तिहरुले कोभिड-१९ खोपको स्टाटसको प्रमाण कसरी प्राप्त गर्ने जानकारी nhsinform.scot मा पाउनसक्छन्। वेल्समा खोप लिएका ब्यक्तिहरुले कोभिड-१९ खोपको स्टाटसको प्रमाण कसरी प्राप्त गर्ने जानकारी gov.wales मा पाउनसक्छन्।

# स्थानिय सरकारहरुलाई निर्देशन

२०२१ को नोभेन्वर ११ देखि केयर होमहरुले कोभिड-१९ को बिरुद्ध खोप पुरामात्रामा लगाएकोलाई वा) Further detail of the policy is set out in the section on मात्र भित्र प्रवेश गर्न दिइन्छ। (छूट पाएको the policy. आवस्यक प्रमाणकोबारे विवरण जनरल् गाइडेन्स् अन् डेमोस्ट्रेटिंग इभिडेन्समा, र मेडिकल छूटहरुको बारे जनरल् गाइडेन्स् अन् एक्जेम्सनहरुमा दिएको छ । ति नियमहरुको कार्यन्वनकालागि स्थानिय सरकारहरुले महत्वपुर्ण भूमिका खेल्नु पर्छ।

यस महामारीको समयभरी स्थानिय सरकारहरुले समर्पण र सहानुभुतीका साथ थप जिम्मेवारीहरु लिएका छन्। तिनिहरुले केयर होमहरुमा खोप लगाउने कार्यक्रम संचालन गर्न र केयर होमहरु सकेसम्म सुरक्षित राख्नका लागि प्रोभाइडरहरुलाई सहयोग गरी महत्वपुर्ण भुमिका खेलेका छन्।

इमप्लोएरको नाताले केयर होमहरु संचालन गर्ने भएकाले गाइडेन्स् फर रजिस्टर्ड पर्सनस् मा दिएका निर्देशन स्थानिय सरकारहरुलाई लागु हुन्छ।

भिजिटमा आउने पेशेवरहरुको इमप्लोएर र कन्ट्र्याक्टर नाताले गाइडेन्स् फर् भिसिटिंग प्रोफेसनस् मा दिएका निर्देशन स्थानिय सरकारहरुलाई लागु हुन्छ।

स्थानिय सरकारहरु केयर होमहरुको कमिसनरस् भएको नाताले तिनिहरुको खोपप्रति विश्वास बढाउनमा सहयोग गर्न केयर होमहरुसंग मिलेर काम गर्नुपर्दछ। खोपको प्रस्ताव लिने निर्णय गरेकाहरुलाई छिट्टै खोपहरु प्राप्त गर्नमा तिनिहरुले सहयोग गर्नुपर्दछ। यस कार्यका उदाहरणहरु यिनिहरु पनि हुनसक्छन्:

- आफ्ना चिन्ताहरु बताउन हिच्किचाइरहेका क्लिनिसिएनहरु र ब्यक्तिहरुबिच कुराकानीको बातावरण बनाइदिने।
- हिच्किचाइरहेका कर्मचारीहरुसंग खुल्लारुपमा कुरा गराइदिन म्यानेजरहरुलाई सहयोग गर्ने
- फर्टिलिटीबारे (उर्बरता) चिन्ता भएकाहरुलाई मिडवाइभहरुसंग कुराकानी गराइदिने
- स्थानिय एनएचएससंग मिलेर काम गरी केयर होमका कर्मचारी र निवासीहरुलाई खोप लगाउन जिपीहरुको भिजिट मिलाइदिने
- विश्वासिलो श्रोतहरुको बेस्पोक सामग्रीहरु (वेबिनारहरु, क्यु एन्ड ए, वान-टु-वान मिटिंगहरु) उपलब्ध गराइदिने, र डिपार्टमेन्ट अफ् हेल्थ एन्ड सोसिएल केयरको सामग्रीहरुतिर साइनपोस्ट गर्दिने
- प्रोभाइडरहरुलाई इन्फेक्सन् कन्ट्रोल फन्डमा रहेको रकम उपलब्ध गर्नमा निश्चित गर्ने - यसले कर्मचारीहरुको तलबका लागि, वा खोप लगाउन गरेको खोपकेन्द्रको बन्दोबस्त, र खोपकेन्द्रमा पुग्न लागेको खर्चको लागि सहयोग गर्न सक्छ
- आस्थाका अगुवाहरु र स्थानिय समाजमा संलग्न भएर खोपप्रति भरोसा बढाउने

स्थानिय जनसाधारणको स्वास्थ्य चलाउने प्रोभाइडको नाताले स्थानिय सरकारको यस काम मेल खान्छ। स्थानिय सरकारले केयर होमहरुलाई संक्रमण नियन्त्रणमा सल्लाह दिने र खोप लिनमा सहयोग गर्नेमा महत्वपुर्ण भुमिका खेल्छन्।

केयर होमहरुको ब्यापार क्रमशगर्नेसंबन्धी रहेको योजनाहरुलाई पुनर्विचार र बलियो बनाउन स्थानिय सरकारले तिनिहरुसंग मिलेर काम गर्नुपर्छ। स्थानिय तहमा प्रदान गर्ने सेवाहरुप्रति हुने संभावित असरहरु र त्यसप्रति गर्ने प्रतिक्रियाको क्षमताको बारेमा स्पस्ट हुन स्थानिय सरकारले तिनिहरुको आफ्नै योजनाहरु पुनर्विचार गर्नुपर्दछ। उदाहरणका लागि, कर्मचारीहरु कम भएकाहरुलाई जरुरीरुपमा खोजिदिने काम गर्ने र केयर होमहरु बिच कर्मचारी आदानप्रदान गर्नका लागि दोहोरो सहयोगको बातावरण बनाइदिने।

माथि भनेबमोजित, प्राइभेट प्रोभाइडरहरुले दिएको १६ हप्ताको ग्रेस पिरिएडको अन्तमा आवस्यकता पुरा गर्न सक्छन् भनेर निश्चित गर्न स्थानिय सरकारले कार्य गर्नुपर्दछ। तिनिहरुले आफ्नै केयर होमहरुले कार्यन्वनका लागि तयारी गर्दैछन् र तिनिहरुले सेवा क्रमश प्रदान गर्न सक्षम हुनेछन् भनेर निश्चित गर्नु पनि पर्दछ।

## स्थानिय सरकारका लागि लक्षित सहयोग

सामग्रीहरु उपलब्ध रहेको निश्चित गर्नका लागि हामी स्किलस् फर् केयरसंग मिलेर कार्य गर्दै छौं। सपोर्ट प्रोभाइडरहरु र स्थानिय सरकारलाई उनिहरुको क्षमता र जनशक्तीको योजना, नया कर्मचारीको भर्ना र कल्याणको सम्बन्धमा सहयोग गर्ने निर्देशन र उचित-अभ्यास लगाएत यसमा पर्दछ। स्थानिय सरकार र इमप्लोएरहरुलाई स्थानिय र राष्ट्रिय जनशक्ती स्किलस् फोर केयरले पनि प्रदान गर्दछ।

मुख्य गरेर कम खोप लगाएका श्रेत्रहरुमा खोप लिनेको संख्या बढाउन र लिनमा सहयोग गर्न हामी स्थानिय सरकारसंग सहकार्य क्रमश गर्नेछौं। हामी थप सहयोगको आवस्यकताका लागि पुनर्विचार गर्न क्रमश गर्नेछौं। स्किलस् फोर केयरका सामग्रीहरु उपलब्ध छ।

## थप सहयोग

स्थानिय सरकारले थप सहयोग लोकल गोभर्मेन्ट एसोसिएसन् कोभिड-१९ सर्भिस इन्फोर्मेसन् र एसोसिएसन् अफ् डाइरेक्टरस् अफ् एडल्ट सोसिएल सर्भिसेस् इन् इंगलेन्ड (एडिएएसएस) मा खोज्न सक्नेछ।

# निवासीहरु र आफन्तहरु र निवासीहरुका साथीहरुको लागी निर्देशन

## के परिवर्तन हुदै छ

२०२१ को नोभेम्वर ११ देखी केयर होमहरुले कोभिड-१९ बिरुद्दका खोप पुरामात्रामा लगाएका वा छूट) ब्यक्तिहरुलाई मात्र केयर होमभित्र प्रवेश दिनु पर्दछ। यिनीहरुल (पाएकाईलाई लागु हुदैन्ः

- निवासीहरु
- आकस्मिक अवस्थामा सहयोग गर्ने ब्यक्तिहरु र आकस्मिक सेवाका कर्मचारी
- जरुरी परेर मर्मतकार्य गर्न आउने ब्यक्तिहरु
- निवासीको साथीहरु र आफन्तहरु
- मृत्यु हुन लागेका निवासीलाई भेट्न वा शोकमा परेकालाई सहजपन दिन आएका ब्यक्तिहरु
- १८ बर्ष भन्दा मुनिका

यस नीतिको बारेमा थप जानकारी नीतिको खन्डमा दिएका छन्।. चाहिएका प्रमाणको विवरण प्रमाणको दिनका लागि दिएका साधारण निर्देशन, र मेडिकल छूटहरुका विवरण मेडिकल छूटहरुका लागि साधारण निर्देशनमा पाइन्छ।.

## यि परिवर्तनहरुले तपाईलाई कसरी असर पार्दछ

कोभिड-१९ केयर होममा फैलिने खतरा घटाइ तपाई लगाएत अरु निवासीहरु र कर्मचारीहरुलाई सुरक्षा प्रदान गर्न यस नीति ल्याएको छ।

भ्याक्सिन् लगाउन किन महत्वपूर्ण छ भनेर सुचना पाउनको लागि कृपया यस् लेखको परिचयमा हेर्नुहोस्।

## यदि कर्मचारीहरुले खोप लगाएका छैनन् भने के हुन्छ तपाईलाई प्रदान गर्ने स्याहारलाई

तिनिहरुका सबै कर्मचारीलाई खोप लगाउन सहयोग गर्नका लागि हामी केयर प्रोभाइडरहरुसंग काम गर्दै छौं। २०२१ को नोभेम्वर ११ भित्र कर्मचारीले कोभिड-१९ बिरुद्द खोप लगाएको वा मेडिकल छूटको प्रमाण देखाउनु पर्दछ। यदि कर्मचारीले यो प्रदान गर्न नसकेमा उनीहरुले अर्को काम गर्न सक्नेछ र तपाईको लागि काम गर्न सक्दैनन्। यदि तपाई चिन्तित छन् वा तपाईसंग प्रश्नहरु छन् भने तपाईको केयर होमको कर्मचारी वा म्यानेजरसंग कुरा गर्नुहोस्।

यदि कुनै कर्मचारीहरुले काम छाडेमा केयर होमलाई चाहिने निर्देशन र स्रोतहरु उपलब्ध हुनेछन्। उनीहरुको सट्टामा उचित ब्यक्ति भर्ना गरी तपाईलाई चाहिएको स्याहार प्रदान गर्नका लागि यसले निश्चित गर्नेछन्।

मेडिकल छूटहरु पाउने भएकाले सबै कर्मचारीहरुले भ्याक्सिन् लगाएका हुदैनन् - कसैले स्वास्थ्यको कारणले गर्दा छूट पाउछन्। यसको सम्बन्धमा तपाई चिन्तित छन् भने तपाईको केयर होमको कर्मचारी वा म्यानेजरसंग कुरा गर्नुहोस्।

### नजिकको ब्यक्तिलाई केयर होममा भेट्ने

केयर होमको निवासीहरुका परिवार र साथीहरुलाई यस् नीति लागु हुदैन।

### भिजिटरहरु जो परिवारको सदस्य वा साथीहरु होइनन्

यदि तपाईले पेशेवरहरु (उदारणका लागि हेयरड्रेसरहरु) केयर होममा बोलाउदैछन् भने यस् आवश्यकता तिनिहरुलाई लागु हुन्छन्। तिनिहरुले कसरी ति आवश्यकताहरु पालना गर्न सक्छन् भनेर छलफल गर्नका लागि तपाईको केयर होमको कर्मचारी वा म्यानेजरसंग कुरा गर्नुहोस्।

### यदि केयर होमसंग खोप लगाएका पर्याप्त मात्रमा कर्मचारी नभएमा उपलब्ध हुने सहयोग।

केयर होमलाई यसरी असर पर्न सक्ने कुरा असंभव छ। खोप नलगाएका कर्मचारीहरुसंग काम गर्न समय पाओस् भनेर हामीले केयर होमलाई १६ हप्ताको नोटिस् दिएका छौ। तपाईको स्याहार प्रदान गर्ने प्रोभाइडरको नाताले तिनिहरुले कानुनी आवश्यकताहरु पुरा गर्नमा यसले मद्दत गर्नेछन्। हामीलाई अवगत छ कि धेरै केयर होमहरुले सक्रियरुपमा खोप लगाएका ब्यक्तिलाई कर्मचारीकोरुपमा भर्ना गरेका छन्।

सुरक्षित तरिकाले केयर होम संचालन गर्ने संबन्धित रहेका चासोहरुका लागि सहयोग उपलब्ध छन्। स्थानिय सरकार र केयर क्वालिटी कमिसनलाई केयर होमले उठाउन सक्ने चासोहरु पनि यसमा पर्दछन्। केयर होमले तपाईलाई सुरक्षितसंग स्याहार प्रदान गर्नका निम्ति तिनिहरुले आफ्ना सहकर्मीहरुसंग काम गर्नु पर्दछ।

यस् नीतिको सम्बन्धम तपाईलाई अरु कुनै प्रश्नहरु छन् र यसले तपाई लगाएत अरु निवासीहरुलाई कसरी प्रभाव पार्दछ भनेर तपाईमा प्रश्नहरु भएमा केयर होमको कर्मचारी वा म्यानेजरसंग कुरा गर्नुहोस्।

# भिजिटमा रहेका पेशेवरहरुलाई निर्देशन

२०२१ को नोभेम्बर ११ देखि केयर होमले खोप पुरामात्रामा लगाएका (वा छूट पाएका) ब्यक्तिहरुलाई मात्र भित्र प्रवेश गर्न दिनु पर्दछ। छूट पाएका बाहेक अरु पेशेवरहरुलाई केयर होम भिजिटमा जादा यस् आवश्यकता लागु हुन्छ।

यस नीतिको बारेमा थप जानकारी  नीतिको खन्डमा दिएका छन्।. चाहिएका प्रमाणको विवरण जनरल गाइडेन्स् अन् डेमोन्स्ट्रेटिंग एभिडेन्स्, र मेडिकल छूटहरुका विवरण जनरल गाइडेन्स् अन् मेडिकल एक्जेम्पसनहरु।.

### उदेश्य

आफ्नो दैनिक कामको सिलसिलामा केयर होममा नबस्ने धेरै ब्यक्तिहरुले भित्र प्रवेश पर्ने आवश्यकता पर्न सक्छ। स्वास्थ्यकर्मीहरु र सोसियल् केयरका कर्मचारी लगायतका सरकारी कर्मचारीहरु र स्याहार नदिने सेवा जस्तै कपालको श्रिङ्गार गर्ने, मर्मत गर्ने, वा क्रियाकलापहरु गराउने कर्मचारी यस भित्र पर्छन्।

यसमा तपाई परेमा कृपया नीति खन्डमा जानुहोस्।

## आकस्मिक सेवाको लागि गरिने भिजिटहरु

आवश्यक परेको बेलामा केयर होममा आकस्मिक सेवाको प्रदान गर्न र जरुरी मर्मतकार्यका लागि आएका कर्मचारीलाई यस् नियमहरुले छूट दिन्छन्।

केयर होममा के आकस्मिक ठहरिने छ भनेर त्यहाको रजिस्टर्ड म्यानेजरले निर्णय गर्न सक्नेछन्। कामको कर्तव्य गर्न आएका आकस्मिक सेवाका सबै कर्मचारीलाई पनि यस् छूट लागु हुनेछन्। केयर होममा आक्स्मिक घटेको घटनामा मद्दत गर्न आएका ब्यक्तिहरुलाई पनि यस् छूट लागु हुनेछन्।

निवासीहरुको स्याहारको गुणस्तरमा अर्थपूर्ण असर परेमा वा जिवन खतरा भएमा मात्र जरुरी मर्मतकार्यको प्रावधान चलाउनेछन् भनेर हामी अपेक्षा गर्दछौं।

## छूटहरु

आकस्मिक सेवा र जरुरी मर्मतकार्य गर्ने कर्मचारीलाई मात्र केयर होममा आवश्यकताको लागि छूट दिइने छ। केयर होमको रजिस्टर्ड म्यानेजरले त्यसको निर्णय गर्छन्।

## प्रमाण

खोप प्रमाणको विवरण जनरल गाइडेन्स् अन् डेमोन्स्ट्रेटिंग एभिडेन्स्, र मेडिकल छूटहरुका विवरण जनरल गाइडेन्स् अन् मेडिकल एक्जेम्पसनहरु।.

## जिम्मेवारी

प्रवेश गर्ने ब्यक्तिसंग खोप लगाएका सहि प्रमाण वा छूट छन् भनेर निर्णय गर्ने जिम्मेवारी त्यस् केयर होमको रजिस्टर्ड म्यानेजरको हो। तर, तपाई र तपाईको कर्मचारीसंग सहि प्रमाण छन् भनेर निधो तपाईले गर्नु पर्छ अथवा तपाईलाई केयर होमभित्र प्रवेश नपाउनसक्नेछन्। तपाईको इमल्पोयर र केयर होमबिच हुने कुनै पनि क्न्ट्र्याकमा यस् आवश्यकताको समावेस् केयर होमको रजिस्टर्ड म्यानेजरले गर्न सक्नेछन्।

## अप्रेन्टिसहरु/सिकारुहरु (सम्भवत १८ बर्ष भन्दा मुनिका)

हेल्थ एन्ड केयरको फ्रन्टलाइनमा काम गर्ने १६ बर्ष भन्दा माथिका कर्मचारी खोप लगाउन योग्य छन्। १८ बर्ष पुग्न भन्दा पहिले ति ब्यक्तिहरुले एमएचआरए स्वीकृत खोप पुरामात्रा लगाउन सुझाव दिएका छन्।

अरु पेशेवरहरुले कोभिड-१९ बिरुद्दको खोप पुरामात्रा नलगाएसम्म केयर होमभित्र प्रवेश पाउनेछैनन्। सबै १७ बर्ष पुगेकाहरुले तिनिहरुको १८ औ जन्मदिन मनाउनु भन्दा ३ महिना अगाडीदेखी खोपको लागि दर्ता गर्न सकिन्छन्।

१८ बर्षभन्दा मुनिका अप्रेन्टिसहरु छूट दिइने छन्, त्यसैले तिनिहरुले खोप लगाएको प्रमाण नदेखाइकन् केयर होमभित्र प्रवेश गर्न सक्नेछन्। तर तिनिहरुले केयर होमभित्र प्रवेश गर्नु भन्दा अगाडी १८ बर्ष मुनि रहेका प्रमाण प्रदान गर्नु पर्नेछन्।

### केयर होम वरिपरिको जमिनको क्षेत्र

केयर होम वरिपरिको जमिनको क्षेत्रमा यस् नियम लागु हुन्न। केयर होम भित्र नछिरिकन त्यसको वरिपरिको जमिनको क्षेत्रमा काम गर्ने कर्मचारीले खोप लगाएको वा छूट रहेको प्रमाण देखाउनु पर्दैनन्। तर, तपाई बारम्बर केयर होम गईरहन्छन् भने तपाईले खोप लगाएको वा छूट रहेको सहि प्रमाण लिनुहोस् भनेर हामी सुझाव दिन्छौं। किनभने तपाईले त्यहा रहेका निवासी र कर्मचारीसंग बारम्बार ब्यक्तिगत सम्पर्कमा आइरहन पर्न सक्नेछन् र तपाईलाई भित्र छिर्नु भन्दा अगाडी प्रमाण माग्न सक्नेछन्।

### पिपिई

संक्रमण निवारण नियन्त्रण गर्ने साधनहरु जस्तै पिपिई अझै पनि केयर होममा आवस्यक पर्छन्। यि पिपिईका आवस्यकताहरु कसरी केयर होममा सुरक्षितसंग काम गर्नेभन्ने हालै सरकारले निकालेका निर्दैशन अनुसार हुनेछन्। सहि तरिकाले यसको पालना गर्नका लागि यो पहिले पढ्नुस् भनेर हामी सुझाव दिन्छौं।

# एनेक्स् ए: रोजगारका लागि असल अभ्यास

### कर्मचारी राख्ने र रोजगारमा सुझाव - स्किलस् फर् केयर

स्किलस् फर् केयरले वान् स्टप् वेबपेज निकालेको छ। . यसले सोसियल् केयर इमप्लोयरहरुलाई कर्मचारी राख्न र आवश्यक परेमा नया भर्ना गर्नका लागि बिभिन्न प्रकारका सहयोग, सुचना र सामग्रीहरु उपलब्ध गराएका छन्। यस् नीति कार्यन्वन हुनु भन्दा अगाडी इमप्लोयरहरुले आफ्ना कर्मचारीलाई सफलतापूर्बक खोप लगाउन प्रोत्साहन गरेका जस्ता अवस्थाहरु यसमा समावेस गरेका छन्। यो क्षेत्रमा गरिने असल अभ्यास बितरण गर्न यसले सहयोग गर्नेछन्।

### नीति

केयर होमलाई लिखित खोप नीति अपनाउन सुझाव दिइन्छ। जस्तै, तल दिएका मामिलाहरु राख्न सक्नेछन्:

- १८ बर्ष भन्दा माथिका कर्मचारीले खोप लगाउन वा मेडिकल छूटको प्रमाण लिनका लागि छुट्टी लिन सक्छन्/सक्दैनन् (तलब पाएर वा नपाएर)।
- कुन मितिभित्र केयर होमले खोप लगाएको वा छूटको प्रमाण खोज्नेछन्। १८ बर्ष भन्दा माथि भई खोप नलगाएका वा मेडिकल रुपमा छूट नलिएका कर्मचारीका सम्बन्धमा जनशक्तीको योजना र औपचारिक कदम चाल्न यसले निश्चित गर्नेछन्।
- यदि कर्मचारीले खोप लिएपश्चात साइड इफेक्टस् अनुभव गरेमा दिने छुट्टीको सम्बन्धमा गर्ने कुनै बन्दोबस्त। उदाहरणको लागि, एकै दिनमा ठुलो संख्यामा कर्मचारीहरुलाई खोप नलगाउन उचित हुनसक्नेछन्।
- खोप लगाएको वा छूट रहेको डेटा कसरी राखिन्छ।
- यि आवश्यकताहरु पालना नगर्ने कर्मचारीलाई औपचारिक नीतिहरु कसरी लागु हुन्छन्।
- नया भर्ना भएका कर्मचारी र एजेन्सीले पठाएका कर्मचारीलाई यस् खोपको आवश्यकताहरु कसरी लागु हुन्छन्।
- नियम पालना संबन्धित उठेका कुनै समानताका मामिलाहरु (इक्वालिटी एक्ट् २०१० को खन्ड हेर्नुहोस्)

## एडभाइजोरी, कन्सिलिएसन् एन्ड् सर्भिस् (एसिएएस्) को निर्देशन

एसिएएसले धैरै प्रकारका निर्देशन निकालेका छन्। खोपको आवश्यकताको नीति कार्यन्वन गरी असल रोजगारको अभ्यास सुचारु गर्ने सोचाइमा रहेका इमप्लोयरहरुलाई यो उपयुत्त हुनसक्नेछन्।

रोजगारको लागि कोरोनाभाइरस् खोप लगाउने

बर्खास्तीको लागि सल्लाह

अनुशासन र शोक प्रकृया

काममा आएको सम्स्या कसरी उठाउने

कर्मचारीले उठाएका समस्यालाई हेर्ने

कार्यक्षेत्र अनुसार तयार गरेको सहयता

कर्मचारीहरुलाई सुचना र परामर्श दिने

नोटिसको म्याद

नोटिसको म्याद दिएको समयको दौरानमा तलब

भेदभाव, हेप्नु र हैरानी बनाउने

उचित एडजस्टमेन्टहरु (समायोजन)

कसैलाई काममा नया भर्ना गर्ने

## समयमै जनशक्तीको बन्दोबस्त गर्न जुट्ने

यस नया नियमहरुबारेमा केयर होमले समयमै आफ्ना जनशक्ती जुटाउन पर्छ। त्यसको पालना गर्नमा यसले सहयोग गर्नेछन्। निम्न कुरा गर्नमा केयर होमहरुले ग्रेस् अवधी चलाउन सक्नेछन्ः

- यदि आवश्यक परेमा गोपनीयता जानकारी र डेटा प्रोटेक्सन् इम्प्याक्ट एसेस्मेन्ट लगाएत आफ्नो नीतिहरुको बिचार गर्ने र संशोधित गर्ने
- नया वा फरक कामगर्ने शैलीको अभ्यासहरु लागु गर्ने

सर्भिस् प्रोभाइडर र कर्मचारीहरु यस तल दिएकाबारे जुट्न यस् ग्रेस् अवधी चलाउन पनि सकिन्छः

- खोपको आवश्यकता
- १८ बर्ष भन्दा माथिका कर्मचारी वा सेवाहरु प्रदान गर्ने ब्यक्तिले खोप लगाएको वा मेडिकल छूट पाएको प्रमाणको आवश्यकता
- आवश्यकता समयमै नमिलाएमा हुनसक्ने परिणामहरु

## सामुहिकरुपमा जुट्ने

यदि ट्रेड् युनियन् वा कर्मचारीको प्रतिनिधि गर्ने ब्यक्ति तोकिएका छन् भने उनीहरुसंग परामर्श गर्नु पर्ने कानुनी कर्तब्य हुनसक्छन्। किनभने कुनै अपनाएका कृयाकलापहरुले कर्मचारीको हेल्थ एन्ड् सेफ्टिमा असर पार्न सक्छ।

यदि ट्रेड् युनियन् वा कर्मचारीको प्रतिनिधि गर्ने ब्यक्ति तोकिएका छन् भने त्यसबाट सुरु गर्दा उपयुक्त हुनसक्नेछन्। परामर्श दिनमा, कुनै सामुहिक समस्याहरु बुझ्न र हलगर्नमा, र ब्यवहाँरिक र कृयाशिल समस्याहरु छलफल गर्नमा तिनिहरुले सहयोग गर्नसक्नेछन्।

सामुहिकरुपमा जुट्न भन्दा अगाडी र पछाडी, लिखित संक्षेप कर्मचारीलाई प्रदान गर्दा सहयोग हुनसक्नेछन्। आवश्यकता र यसले तिनिहरुलाई कसरी असर पार्छ भनेर बर्णन गर्नमा यस् चलाउन सकिन्छ। के आवश्यक पर्छ, र यसले कर्मचारीलाई पर्न सक्ने असरको बारेमा हुनसक्ने भ्रम यसले हटाउन सक्नेछन्।

## ब्यक्तिगररुपमा जुट्ने

त्यसपश्चात, यि तल दिएको खालका ब्यक्ति पत्ता लगाउनको लागि ब्यक्तिगत कुरा गरेर सुचना जम्मा पार्न सकिन्छः

- खोप लगाएका वा मेडिकलले छूट दिएका, वा १८ बर्ष भन्दा मुनिका - र जसले यसको प्रमाण देखाउन सक्छन्
- खोप लगाएका वा मेडिकलले छूट पाउने बिश्वासमा रहेका - तर प्रमाण देखाउन नसकेका
- खोप अझै नलगाएका तर समयमै खोप पुरा लगाउनका लागि ब्यवस्था गर्नेछन्
- खोप अझै नलगाएका तर समयमै खोप पुरा लगाउन संभवत नसक्नेछन्
- १८ बर्ष भन्दा माथि रहेका र मेडिकलले छूट नदिएका र खोप लगाउन इच्छा नदेखाएका

त्यसपश्चात केयर होमले कुन ब्यक्तिले सन्तोषजनकरुपमा खोप लगाएका वा मेडिकल छूट पाएका प्रमाणको रेकर्ड छुट्टाउन सुरु गर्न सक्नेछन्।

कुनै ब्यक्तिले उठाएका चिन्ताहरुको थप छानबिन गर्नमा हामी सुझाब दिन्छौं। कुनै औपचारिक निर्णय गर्नु भन्दा अगाडी, कर्मचारीलाई खोप लगाउनका लागि वा छूट रहेको प्रमाण जुटाउनका लागि उचित अवसर दिनु पर्दछ। ति आवश्यकताहरु पालना नगरेमा हुने नतिजाहरु स्पष्ट बर्णन गर्नु पर्छ। आवश्यकता कुन म्याद भित्र पालना गर्नु पर्छ र पालना नगरेमा के कदमहरु चालिने छन्, यसमा समावेश हुनु पर्छ।

ब्यक्तिगत परामर्शको संदर्भमा केयर होमले आफ्नो कर्मचारीको संख्याको मात्रामा पनि ध्यान दिनु पर्नेछ। यदि आफुसंग रहेका कर्मचारीलाई क्रमश चलाउन असफल भएमा ति कर्मचारीको सट्टामा अरु ल्याउने वा उचित तरिकाले संचालन गर्न अरु बन्दोबस्त गर्नेबारेमा केयर होमले ध्यान दिनु पर्नेछ।

उदाहरणका लागि कर्मचारी जस्तै  म्याटर्निटी लिभमा, साब्बटीकल्, वा लंग-टर्म् सिक् लिभमा रहे केयर होमले समयमै उचित बन्दोबस्त गर्नु पर्छ। यो पर्याप्त मात्रमा आवश्यकताको ज्ञान नभएर समयमानै काममा फर्कन बाधा आउनसक्ने अवस्था हटाउनको लागि हो।

२०२१ को नोभेम्बर ११ भन्दा अगाडी १८ बर्ष मुनि भई - पछी १८ बर्ष पुग्ने कर्मचारीको बारेमा पनि केयर होमले योजना बनाउन आवश्यक छ। किनभने कर्मचारीले खोप लगाउनु पर्ने वा मेडिकल छूट हुनुपर्नेको आवश्यकता १८ बर्ष उमेर पुगेपछि लागु हुन्छ।

## खोप नलगाएका वा छूट नपाएका कर्मचारी

यदि कर्मचारीले खोप लगाएका छैनन् र छूटका लागि प्रमाण प्रदान गर्न सक्दैनन् भने केयर होमले सबै उपायहरु लिनु पर्दछ। खोप वा मेडिकल छूटका आवश्यकता नपर्ने वैकल्पिक कार्यक्षेत्रमा खटाउने पनि यसमा पर्छन्। यो केयर होमको निवासीसंग सिधै सम्पर्क नहुने कामहरु हुनसक्नेछ (उदाहरणका लागि, हेड अफिसमा)।

केयर होमले आफ्ना कर्मचारीहरुलाई दिने पेड् र अनपेड् छुट्टीको बारेमा पनि सोच्न पर्दछ। यो लंग-टर्म् समाधानका लागि हुनसक्दैन किनभने यस नियमहरु समाप्त हुने मिति तोकिएका छैनन्। यदि कर्मचारीले खोप पुरा लिने उदेश्य देखाएका छन् तर २०२१ को नोभेम्बर ११ भित्र पुरा लिएका छैनन् भने उनीलाई सायद छुट्टी दिए उचित हुनेछन्। मेडिकल छूटको प्रमाण लिनमा ढिलाई भएमा पनि यो लागु हुनसक्नेछन्।

केयर होमले अपनाउने समयतालिका जतिसक्दो छिटो कर्मचारीलाई सुचित गराउनु पर्दछ र तिनिहरुलाई प्रस्ट नभएमा के हुनेछन् भनेर पनि केयर होम स्पस्ट हुनुपर्दछ। समयतालिकाले कुनै औपचारिक प्रकृया लिनका लागि र यदि आवश्यक परेमा नोटिस् अफ् टर्मिनेसको लागि (कामबाट छुटकारा दिएको) समय दिनु पर्दछ।

केहि केयर होमहरुले - वैकल्पिक उपायहरु नभेटेमा - कर्मचारीहरुलाई कामबट निकाल्ने वा कर्मचारीहरुको कन्ट्र्याक रद्द गर्नु पर्नसक्छ। १८ बर्ष भन्दा माथि भई खोप नलगाएका वा मेडिकल छूट नलिएकालाई मात्र यो लागु हुन्छ। केयर होमहरुले यस्तो अवश्थामा सधै रोजगार र समानताको कानुन र असल रोजगारको अभ्यास पालना गर्नु पर्दछ।

## नियमबमोजित बर्खास्त

२ बर्ष लगातररुपमा इमप्लोयरका (वा सम्बद्ध इमप्लोयर) रोजगारमा रहेका कर्मचारीसंग प्राय जसो नियमबिपरित बर्खास्त गर्न नपाउने अधिकार हुन्छन्।

कर्मचारीहरुसंग नियमबिपरित हुने बर्खास्तको संरक्षण एकै खालका हुदैनन्, तर ईक्वालटी एक्ट् २०१० ले (तल हेर्नुहोस्) कामदरहरु र कर्मचारीहरु दुबैलाई संरक्षण गर्दछ।

तल दिएका अवस्थामा कर्मचारीलाई नियमबमोजित बर्खास्त गर्न सकिन्छ यदिः

- बर्खास्त गर्नमा संभवत नियमअनुसारको कारणहरु भएमा
- बर्खास्त गरेको कारणको बर्णन पर्याप्त भएमा
- इमप्लोयरले नियमअनुसार प्रकृया अपनाएमा

## नियमहरु पालना नगरेका कर्मचारीलाई बर्खास्त गर्दा हुने नियमबमोजित रहेका कारणहरु

१८ बर्ष भन्दा माथि भई खोप नलगाएका वा मेडिकल छूट नपाएका कर्मचारीलाई नियमबमोजित बर्खास्त गर्नेसक्ने कारण यस नियमहरुले प्रदान गर्न सक्छ।

नियमबमोजित रहेका संभवत कारणहरु यस प्रकारका हुन सक्छन्:

- संचालनमा ल्याएका कानुन अन्तर्गत रहि केयर होमको कर्तब्य वा प्रतिबन्धको नियम भंग नगरी त्यस कर्मचारीले गर्दै आएका काम सुचारु गर्न नसकेमा, वा
- कर्मचारीले गर्दै आइरहेका कामबाट कर्मचारीलाई बर्खास्त गर्ने अरु गम्भिर कारण भएमा

कन्ट्र्याक् अफ् इम्प्लोइमेन्ट अन्तर्गत संभब भएसम्म कर्मचारीलाई पुन अर्को कार्यक्षेत्रमा लगाउने। बर्खास्तका लागि यि कारण्हरु उपयुत्त नहुन सक्दछ। खोप नलगाएका ब्यक्तिले कामगर्न सक्ने अर्को कार्यक्षेत्रमा कर्मचारीलाई सार्न सकेमा यो हुन सक्दछ।

जहा इमप्लोयरलाई पहिलाको जति नै कर्मचारीहरुको आवश्यकता भईरहन्छ - र खोप नलाएका वा छूट नपाएका सबैलाई अर्को कामक्षेत्रमा खटाउन असक्षम हुन्छन् भने त्यस अवस्थालाई रिडनडेन्सी (चाहिएको भन्दा बढी कर्मचारी भएको) गनिन्दैन्। रोजगारको अन्त गराएको कारण रिडनडेन्सी नभई बर्खास्त हुनेछ, र बर्खास्त भएका कर्मचारीले कुनै रिडनडेन्सी रकमका लागि हकदार हुनेछैनन्। तर यस्तो अवस्थामा कुन कर्मचारीहरुलाई अर्को कामक्षेत्रमा खटाउने वा बर्खास्त गर्ने छनौटको निर्णयको बारेमा इमप्लोयरले सोच्न जरुरी छ। छनौटको मापदण्ड निस्पक्ष र विभेदबिहिन हुनुपर्छ।

नया आवस्यकताको लागु गराएको पनि बर्खास्तको अरु कारण गनिनसक्नेछन्। उदाहरणका लागि, यदि कर्मचारीले बेइमानका साथ खोप लगाएको गलत प्रमाण प्रदान गर्छन् भने त्यसलाई कुचाल (मिस्कन्डक्) गरेको गनिनसक्नेछन्।

तर खोप नलगाउदैमा वा मेडिकलरुपमा छूट नहुदैमा कुचाल गनिदैनन्।

## केयर होमहरुले उचितरुपमा र निस्पक्षरुपमा निर्णय गर्नुपर्छ।

केयर होमले संभवत निस्पक्ष निर्णयका साथ कसैलाई बर्खास्त गर्ने सोचाइ गरेमा तिनिहरुले यो पनि गर्नुपर्छ:

- निस्पक्ष प्रकृया लिनु, र
- बर्खास्त गर्ने कारण निर्णय गर्दा उचितरुपमा निर्णय लिनु

कर्मचारीलाई बर्खास्त गर्नुभन्दा अगाडी केयर होमले सोच्नु पर्ने कदमहरु यि पनि पर्दछन् (यसमा सिमित छैनन्):

- कर्मचारीसंग परामर्श लिने (माथी दिएका इन्डिभिज्युल् इनगेजमेन्ट् हेर्नुहोस्,)
- तोकिएको समयभित्र कर्मचारीले खोप वा छूटको प्रमाण देखाएन भने बर्खास्त गर्नेछ भनी दिएको सावधान (वार्नींगं)
- आफ्नो अवस्थाहरु बताइ किन बर्खास्त गर्नु हुन्न भनेर कर्मचारीलाई भन्ने मौका दिनु - यो प्रायजस्तो ब्यक्तिगत भेट गरेर गर्छन् तर यसो गर्न संभव नभए भिडियोबाट वा आवस्यक परेमा टेलीफोनबाट
- ट्रेड युनियनको प्रतिनिधी वा कामको सहकर्मीले साथ दिने मौका दिनु पर्दछ
- मिटींगमा छलफल भएको नोट लेख्नु र साटनु जसले गर्दा हुन सक्ने कुनै गलत बुझाइ वा मनमुटाब रोक्न सक्दछ
- बर्खास्तको अरु विकल्पहरु हेर्नु जस्तै खोप नलगाएपनि हुने कार्यक्षेत्रमा सार्नु
- यस्तो खालका सबै मामिलालाई एकैरुपले ब्यबस्था गर्नु - एक मामिला अर्कोसंग फरक हुनसक्छ भनेर पनि ध्यान राख्ने
- निर्णय लिने र त्यो निर्णय कर्मचारीलाई बताउने

- बर्खास्तको बिरुद्धमा अपिलको अधिकार दिने

बर्खास्त भएका कर्मचारीको अपिल सुनुवाइ हुनुभन्दा अगाडी खोपको पुरामात्रा लगाएमा वा मेडिकल छूट जुटाएमा हुने सम्बन्धीत नीतिको बारेमा केयर होमले बिचार गर्नु पर्दछ र प्रकाशित गर्नु पर्दछ। त्यसता अवस्थाहरुमा कर्मचारीहरुलाई पुनः लिन्छन्/लिदैनन् र पुन लिएमा बर्खास्त भएको अवधीको तलब दिन्छन्/दिदैनन् भनेर केयर होमहरुले बिचार गर्नु पर्दछ। फेरी, केयर होमले निष्पक्ष र सबैलाई एकैखालले हेर्नुपर्दछ। यदी कर्मचारीले खोप पूरामात्रामा वा मेडिकल छूट लिने इच्छा देखाउछन् भने बर्खास्तको विकल्प छुट्टीमा राख्ने हुनसक्नेछ। नोटिस दिनुमा ढिलाइ भएको यसले कारण दिनसक्नेछ।

## नोटिस पे (काम जानु छोडेपछी औपचारीक अन्तिम दिनसम्म पाउने तलब)

नियम पालना नगरेर बर्खास्त भएका कर्मचारीहरुलाई कानुन बमोजितको न्युनतम् नोटिस दिन सुझाव दिन्छौं। तिनिहरुलाई थप कन्ट्र्याक अनुसारको नोटिस र उचित भएमा इन ल्यु अफ् नोटिसको तलब पनि दिनु पर्दछ। प्रायगरेर, आवस्यकता अनुसार खोप वा मेडिकल छूट नलिएको अवस्थामा नोटिसबिनाको बर्खास्तको कारण बन्नसक्दैन।

## इक्वालिटी एक्ट् २०१०

यि कारणहरुका आधारमा कसैलाई भेदभाव गर्नु कानुनको बिपरित हुन्छन्:

- लिंग
- जात
- धर्म र विश्वास
- अपांगता
- उमेर
- गर्भवती र म्याटर्निटी
- लेंगिक रोजाइ
- तेस्रो लिंगी
- वैवाहिक सम्बन्ध र सिभिल् पार्टनर्सिप्

तिनिहरुलाई 'प्रोटेक्टिड क्यारेक्टरिस्टिक्'(कानूनको संरक्षणमा रहेको) भनिन्छ।

यि गैरकानूनी भेदभावमा पर्न सक्छन् (अरुहरु मध्ये):

- प्रत्यक्ष भेदभाव - प्रोटेक्टिड क्यारेक्टरिस्टिकको ब्यक्तिलाई यसको कारणले पक्षपातको व्यवहार गर्नु
- अप्रत्यक्ष भेदभाव - सबैलाई लागु हुनेगरी नियमहरु र बन्दोबस्तहरु मिलाउनु तर यसले प्रोटेक्टिड क्यारेक्टरिस्टिकमा रहेका कसैलाई अन्यायपूर्ण हुनु र यसको कारण दिनु सक्दैन (अप्रत्यक्ष भेदभावको सन्दर्भमा गर्भवती र म्याटर्निटी प्रोटेक्टिड क्यारेक्टरिस्टिकमा पर्दैन)

प्रत्यक्ष भेदभावको प्रायजस्तो कारण दिनुसक्दैन तर कममात्राको अवस्थाहरुमा उमेर यसको कारण हुनसक्छ।

केयर होमभित्र प्रवेश गर्नु भन्दा अगाडी राखेका आवस्यकताहरु अप्रत्यक्ष भेदभाव हुन सक्छन् जस्तै खोप लगाउनु वा मेडिकल छूट लिनु - तर यसले अझ नराम्रो प्रकारले  प्रोटेक्टिड क्यारेक्टरिस्टिक भएका ब्यक्तिलाई असर पार्छन्। तर प्रोटेक्टिड क्यारेक्टरिस्टिकको सन्दर्भमा ति आवस्यकताहरुको उचित

कारण दिनसकेमा त्यहा कुनै अप्रत्यक्ष भेदभाव हुदैन। नियम समानुपातिक ढंगले लगाई कानुनले उचित मानेको उदेश्य प्राप्त गर्ने देखाउन सक्दछ भने त्यो उचित कारण हुनसक्दछ। छूट पाएका ब्यक्ति बाहेक अरु खोप नलगाएकाहरुलाई केयर होमभित्र प्रवेश गर्ने अनुमती नभएकाले कर्मचारीलाई बर्खास्त गर्दा त्यहिनै नै लागु हुन्छ।

## नियमहरु

नियमले केयर होमलाई खोप लगाइसकेका वा मेडिकलरुपमा छूट पाएका कर्मचारी, वा ति १८ बर्षभन्दा मुनिकाले मात्र केयर होमभित्र प्रवेश दिन्छन्। त्यस कारणले भेदभाव रोकावट गर्न लागुभएको प्रायजस्तो नियमहरुबाट पाएको छूटको फाइदा केयर होमले लिनसक्नेछ। रोजगारको सम्बन्धमा इक्वालिटी एक्ट् २०१० को विरोध केयर होमले गरेको हुनेछैन। यदि केयर होमले अरुकुनै गर्छ भने नियमको पालना गर्नुपर्दछ। उमेर, अपांगता, धर्म, र विश्वासको सम्बन्धमा हुन्।

त्यसैले केयर होमले कुनै १८ बर्षभन्दा माथिका ब्यक्तिले खोप नलाएको वा मेडिकल छूट नभएको कारणले केयर होमभित्र प्रवेश दिएन भने उमेर, अपांगता, धर्म, र विश्वासको संदर्भमा यो गैरकानूनी भेदभाव हुदैन।

समान व्यवहारबाट पाएको यस छूट जात, लिंग, लेंगिक रोजाइ, गर्भवती र म्याटर्निटी, तेस्रो लिंगी वैवाहिक सम्बन्ध र सिभिल् पार्टनर्सिपमा लागु हुन्न।

उदाहरणका लागि, यदी केयर होमले अपांग कर्मचारीहरुलाई मात्रै बर्खास्त गर्यो भने उनीहरुले यस छूटको फाइदा लिएको गनिदैन। किनभने नियम ले केयर होमलाई अपांग कर्मचारीलाई मात्रै बर्खास्त गर्नु भनेर भन्दैन।

तर यदि केयर होमले यस नियमको कारणले केहि कर्मचारीलाई बर्खास्त गर्छन् र तिनिहरुलाई नियमबमोजित र भेदभाव नगरिकन छान्छन् भने यस नियमको आवस्यकताले गर्दा त्यस छूट उपलब्ध हुनसक्नेछ।

१८ बर्षभन्दा माथिकाले खोप लगाउनु पर्ने वा मेडिकलरुपमा छूट पाएको हुनुपर्ने जुन नियमको आवस्यकताका कारण प्रोटेक्टिड क्यारेक्टरिस्टिकको संदर्भमा कुनै ब्यक्तिमा हानी पुग्न गयो र त्यसको प्रमाण छन् भने केयर होमले त्यस्तो व्यवहारको कारण दिनु पर्दछ।

केयर होमले पालना गरेको नियम  कानुनले उचित मानेको उद्धेश्य हुनेछ। जबसम्म केयर होमले कर्मचारीलाई बर्खास्त गर्नबाट रोकावट गर्न अरु उचित कदमहरु चाल्न सकिदैन (उदाहरणका लागि, हेड अफिसमा सार्नु, र अन्य), उनीहरुले कानुनले उचित मानेको उद्देश्य प्राप्त गर्नका लागि गरेको बर्खास्तको उचित कारण देखाउन सक्ने संभावना हुनेछ - जस्तै यस उचित कारणले अप्रत्यक्ष भेदभाव भएकोबाट बचाउ गर्नेछ।

खोप सम्बन्धी नीति र यसको दायराभित्र रहेर बनाएको निर्णयले कुनैपनि कर्मचारीलाई भेदभाव गर्नुहुन्न।

उदाहरणको लागि, केयर होमले खोप नलाएका सेताबर्णका जातलाई अर्को काममा सार्ने र खोप नलाएका कालाबर्णका जातलाई बर्खास्त गर्छ भने जातको आधारमा इक्वालिटी एक्ट् २०१० को बिरुद्द हुनेछ। अथवा केयर होमले हेटिरोसेक्स्युअल् (विपरित लिङ्गीमा आकर्षित हुने) कर्मचारीलाई अपिल गर्ने

अधिकार प्रदान गर्दछ तर होमोसेक्स्युअल (समलिङ्गी) कर्मचारीलाई दिदैन भने इक्वालिटी एक्ट् २०१० को बिरुद्द हुनेछ।

तर प्रायजस्तो गैरकानूनी भेदभाव यसरी सिधै देख्न सक्दैन (लुकेका हुन्छन्)।

### उदाहरण १

खोप नलगाएका कर्मचारीलाई काम सार्ने निर्णयमा यदि धर्म यसको दायरा बनाइ आइतबार कामगर्ने मान्छेलाई प्राथमिकता दियो भने क्रिस्चियन कर्मचारीलाई बेफाइदा हुन्छ र अप्रत्क्ष भेदभाव हुन्छ। इक्वालिटी एक्ट् २०१० को बिरुद्द नहुनका लागि यस्ता दायरासंग उचित कारण हुनुपर्दछ।

### उदाहरण २

दिएका समयतालिकाभित्र खोप लगाउनमा अपांग कर्मचारीले उनको मोबिलिटीको कारणले कठिनता पाउनेछन् वा फोनद्वारा हुने सुनुवाइमा भाग लिन कम सक्षम हुनसक्नेछन्। यि अवस्थाहरुमा केयर होमले अपांग ब्यक्तिलाई बेफाइदामा नपार्नका लागि आवस्यक प्रबन्ध मिलाउनु पर्छ/पर्दैन् भनेर बिचार गर्नु पर्दछ। यदि केयर होमले आवस्यक प्रबन्ध मिलाउन नसकेमा, तिनिहरुले अपांग कर्मचारी अन्तर्गतको इक्वालिटी एक्ट् २०१० बिरुद्द हुनसक्नेछ।

इक्वालिटी एक्ट् २०१० को बिरुद्द हुने संभवत समस्याहरु पत्ता लगाउन र त्यसलाई निर्मूल गर्नका लागि सामुहिक र ब्यक्तिगत प्रबन्ध गर्न उपयुत्त हुनसक्नेछ।

इक्वालिटी एक्ट् २०१० को बारेमा थप जानकारी इक्वालिटी एन्ड् ह्युम्यान राइटस् कमिसनको वेवसाइटमा पाउन सकिन्छ: इक्वालिटी  ह्युम्यान राइटस् - इमप्लोइन्टमेन्ट स्टाट्युटोरी कोड अफ् प्राक्टिस्.

माथि दिएका जानकारी निर्देशनका लागि मात्रै हुन्। विशेष अवस्थाहरुलाई उल्लेख गरेरमात्र लागु हुने कानूनी भाषा चालन गर्न सकिन्छ। केयर होमहरुले स्वतन्त्र कानूनी सल्लाह लिने बिचार गर्नु पर्दछ।